# अध्याय – एक

# परिचय

## १.१ अध्ययनको परिचय ( Introduction of the study)

आजको विश्व मानचित्रमा अन्तराष्ट्रिय मान्यता प्राप्त सिमाना, जनसंख्या र सार्वभौमसत्ता सम्पन्न कुनै निश्चित भू-क्षेत्रलाई राष्ट्र वा देश भनिन्छ । यस्तो राष्ट्रद्धारा प्रदत्त विधान अनुसार सामाजिक र राजनीतिक अधिकार पाएका व्यक्ति त्यस देशका सर्वोच्च नागरिक मानिन्छन् । देशका नागरिक ठहर्नका लागि आवश्यक पर्ने आधार र शर्तहरु त्यस देशको संविधान, ऐन र नियमले स्पष्ट रुपमा तोकेको हुन्छ । एउटा नागरिक त्यस राष्ट्रको अभिन्न अंग हो । यस्ता नागरिकहरुले राज्यभित्र प्राप्त हुन सक्ने सामाजिक, आर्थिक, राजनैतिक, वैयक्तिक लगायतका सम्पूर्ण अधिकारहरु प्राप्त गर्न सक्दछन् कुनै पनि राष्ट्रमा उल्लेखित अधिकारहरु प्राप्त गर्ने माध्यमका साथै स्थायी रुपले बसोवास गर्ने नागरिकहरुलाई प्रदान गरिने प्रमाण वा परिचय-पत्रलाई नै नागरिकताको प्रमाणपत्र भनिन्छ । अर्थात नागरिकता कुनै पनि राष्ट्रको बैद्य नागरिक रहेको तथ्यलाइ पुष्टि गर्न व्यक्तिलाई राज्यले दिने प्रमाण हो । बर्तमान अवस्थामा हाम्रो देशमा नागरिकताको प्राप्ति देहाय वमोजिम हुने गरेको छ ।

(क) वंशजको नाताले
(ख) जन्मको नाताले
(ग) अंगीकरण
(घ) सम्मानार्थ
(ङ) क्षेत्र गाभिदा (क्षेत्र विलय)

अंग्रेजी शब्द Citizen को नेपाली रुपान्तरण नागरिक शब्द हो भने Citizen शब्द रोमन भाषाको Civitas बाट उत्पत्ति भएको मानिन्छ जसको अर्थ नगर राज्य हुन्छ । प्राचीन ग्रीसमा स-साना नगर राज्यहरु थिए र त्यस्ता नगरमा बस्ने व्यक्तिलाई नागरिक भनिन्थ्यो । हाल राज्य भित्र रहेका नगर वा गांउ कुनै पनि स्थानमा बस्ने व्यक्तिलाई नागरिक भनिन्छ ।

लेखक एरिस्टोटलका अनुसार त्यो ब्यक्ति जो न्याय सम्पादन तथा सरकारी पद ग्रहण गर्नमा हिस्सेदार हुन्छ उ नै नागरिक हो र ती व्यक्तिहरुलाई नागरिक हो भनि राज्य द्धारा प्रदान गरिने परिचय पत्र वा प्रमाणपत्रलाई नागरिकता भनिन्छ ।[१]

प्रत्येक नागरिकको नागरिकताको प्रमाणपत्र वा परिचय-पत्रले उसको राष्ट्रियताको पहिचान बोकेको हुन्छ । साधारण अर्थमा भन्नुपर्दा आफ्नो देशका नागरिकलाई सरकारको तर्फबाट उपलब्ध गराउने परिचय-पत्र नै यथार्थमा नागरिकता हो । नागरिकताले नागरिक र राज्यका वा सरकारका बीचमा अपनत्वको सम्बन्ध स्थापित गरि एक अर्का बीचको अधिकार, कर्तव्य, जिम्मेवारी र उत्तर दायित्वको बोध गराउंछ । नेपालमा नेपाली नागरिकता प्राप्त गर्नको लागि प्रचलित ऐन नियमावलीमा तोकिएका अन्य शर्तहरुको अतिरिक्त १६ वर्ष उमेर पुरा भएको हुनुपर्ने व्यवस्था गरिएको छ ।

---

[१] गिरिधारी दहाल, (प्रकाशन वर्ष उल्लेख नगरिएको) राजनीतिशास्त्र, वागवजार : आशिस हाउस प्रा.लि, पृष्ठ ७ ।

आफ्नो देशको नागरिकता प्राप्त व्यक्तिलाई आजको कल्याणकारी राज्यले आफ्नो राज्यभित्र प्राप्त हुन सक्ने सम्पूर्ण सुविधा जस्तै वैयक्तिक, आर्थिक, सामाजिक, राजनैतिक आदि हरु बिना भेदभाव उपलब्ध गराउदै त्यस्ता व्यक्तिले आफ्नो राज्य प्रति निभाउनु पर्ने कर्तव्य, जिम्मेवारी र उत्तर दायित्वको सिमा समेत निर्धारण गरिदिएको हुन्छ र राज्य पनि आफ्नो नागरिक प्रति आफूले निभाउनु पर्ने कर्तव्य तर्फ सदैव सचेत रहन्छ ।

कुनै पनि व्यक्ति एकै पटक दुई देशको नागरिक रहन नपाउने कानुनी व्यवस्था हाल प्रचलित रहेको छ । प्रवासी नेपालीहरुलाई भने नेपालले दोहोरो नागरिकता उपलब्ध गराउने भन्ने चर्चा चलिरहेको छ । तर हाल सम्म पनि उक्त चर्चाले कानूनी रुप धारण गरिसकेको छैन । हाल प्रचलित व्यवस्था अनुसार निश्चित प्रकृया पुरा गरि अर्को राष्ट्रको नागरिकता त्याग गरेपछि निजले नेपाली नागरिकता लिन सक्ने कानूनी व्यवस्था रहेको छ ।

यस अर्थमा नागरिकताको प्रमाणपत्र सम्बन्धित राज्य र नागरिकका बीच अधिकार, कर्तव्य, जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्ने माध्यम पनि बनेको छ । यहि नागरिकताको माध्यमबाट स्वदेशी र विदेशी नागरिक भनि पहिचान गरिन्छ । बर्तमान लोक-कल्याणकारी राज्यमा नागरिकता भनेको राज्यको बैधानिक सदस्यता हो । अर्थात नागरिकता राष्ट्रिय सीमाभित्र रहने जनताको वैधताको प्रतिक हो । राज्यको अधिकार प्राप्त एवं राज्य प्रति नागरिकले निर्वाह गर्नुपर्ने कर्तव्यको पालना गर्न तयार व्यक्ति त्यस देशको नागरिक हो भने सरकारले आफ्नो नागरिकहरुलाई विभिन्न सुख सुविधा र अधिकारको उपभोग गर्न पाउने गरिदिएको परिचयको प्रमाण नै नागरिकताको प्रमाण पत्र हो । नागरिक राज्यको सदस्य हो र नागरिकता भनेको राज्यको सदस्यता प्रमाणित गर्ने वैधानिक माध्यम हो ।

नेपालमा नागरिकहरुलाई नागरिकता वितरणका लागि विभिन्न कालखण्डमा राष्ट्रको आवश्यकता अनुसार जारि भएका संविधान, नागरिकता ऐन, नागरिकता नियमावली, कार्यविधि निर्देशिका र समय समयमा सरकारबाट निर्णय भइ जारि गरिने परिपत्रका आधारमा गडि, गौंडा, गोश्वारा, अञ्चलाधीस कार्यालय, गृह मन्त्रालय, प्रमुख जिल्ला अधिकारीको कार्यालय, इलाका प्रशासन कार्यालय र सीमा प्रशासन कार्यालयबाट समेत नागरिकताको प्रमाणपत्र वितरण हुने गरेको देखिन्छ । यसको साथै जनताले सर्वसुलभ तरिकाले नागरिकता पाउन सकुन भनि नेपाल सरकारले समय समयमा नागरिकता वितरण टोलीहरु गांउ-गांउमा पठाउने पनि गरेको छ । यसरी माथि उल्लेख गरिएका प्रकृया, निकाय र माध्यमबाट नेपाली नागरिकहरुले नागरिकताको प्रमाणपत्र प्राप्त गर्दै आइरहेका छन् ।

## १.२ समस्याको कथन (Statement of the problem)

यस सोधपत्रमा रोल्पा जिल्लालाई आधार मानि विशेषतः रोल्पा जिल्लाको नागरिकता वितरणको इतिहास तथा रोल्पा जिल्ला र साधारण रुपमा सम्पूर्ण देशमा नेपाली नागरिकहरुलाई वितरण गरिने नागरिकताको वितरण र प्राप्ति सम्बन्धमा तथ्यहरु पहिचान गर्न खोजिएको छ । सामान्यतया नागरिकता वितरण प्रकृयामा निम्नानुसारको समस्याहरु को कारक तत्व पहिचान गर्न खोजिएको छ ।

(क) नागरिकतासंग सम्बन्धित ऐन नियममा भएका कमि कमजोरीहरु के छन् ?
(ख) नागरिकता वितरण प्रकृयामा देखिएका समस्याहरु के छन् ?
(ग) नागरिकताको अभिलेख व्यवस्थापनमा के कमि कमजोरीहरु छन् ?
(घ) नागिरकताको लागि सिफारिस गर्ने पदाधिकारीलाई के कस्तो कठिनाई पर्ने गरेको छ ?
(ङ) नागरिकतामा काम गर्ने कर्मचारीहरुको समस्याहरु तथा नागरिकता प्राप्त गर्ने सर्वसाधारण जनताहरुको मुख्य कठिनाईहरु के के छन् ?

## १.३ अध्ययनको उद्देश्य (Objective of  the study)

यस अध्ययनको मुख्य उद्देश्य नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्न चालिएका र अपनाइएका विभिन्न संवैधानिक तथा कानूनी व्यवस्था र प्रावधानहरुको अध्ययन विश्लेषण  गर्दै जिल्ला प्रशासन कार्यालय, रोल्पामा आधारित भई यस जिल्लाको नागरिकता वितरणको इतिहास साथै वर्तमान समयमा नागरिकता वितरण प्रकृयाको कार्यान्वयन पक्ष र वितरित नागरिकताहरुको तथ्य तथ्यांकहरुको अध्ययन गर्नु रहेको छ । यसका साथै यस अध्ययनमा निम्न उद्देश्यहरु पनि रहेका छन् ।

(क) नागरिकतासंग सम्बन्धित हाल सम्मका संविधान, ऐन, नियमावली र कार्यविधि निर्देशिकाहरुको बारेमा  अध्ययन  गर्नु ।

(ख) नागरिकता वितरणका लागि बनेका मौजूदा संविधान, ऐन, नियम र अध्ययनबाट देखिएका समस्याहरु समाधानका बारेमा सुझावहरु प्रस्तुत गर्नु ।

(ग) नागरिकता प्रमाणपत्रको अभिलेख व्यवस्थापनका बारेमा अध्ययन गर्नु ।

(घ) नागरिकताको सिफारिस गर्ने स्थानीय निकायका पदाधिकारीहरु तथा नागरिकता वितरण गर्ने कर्मचारीहरु र नागरिकता प्राप्त गर्ने सर्वसाधारणहरुको समस्याहरु पहिचान गरि समाधानका उपायहरु खोज्नु ।

## १.४ अध्ययनको महत्व (Importance of the study)

विश्वमा सभ्यताको विकासक्रम संगै लोककल्याणकारी राज्यको अवधारणाले मूर्त रुप लिदै आएको छ । फलस्वरुप राज्यले आफ्ना नागरिकहरुलाई विभिन्न सेवा सुविधा लगायत विभिन्न अवसरहरु उपलब्ध गराउनु पर्ने दायित्व बोकेको छ । उल्लेखित दायित्व पुरा गर्न सर्वप्रथम राज्यले आफ्ना नागरिकहरुको पहिचानका लागि नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन जरुरी हुन्छ । यसै तथ्यलाई मनन गरि नेपाल सरकारले पनि नागरिकता वितरणका लागि विभिन्न संवैधानिक र कानूनी व्यवस्थाका साथै संस्थागत संरचनाहरुको स्थापना गरेको छ । यहि संस्थागत संरचना अन्तरगत जिल्ला प्रशासन कार्यालय, रोल्पा पनि एक हो । यस्तो महत्वपूर्ण जिम्मेवारी पाएको कार्यालयमा नागरिकता वितरणको इतिहास के कस्तो रह्यो ? साथै कार्यालयबाट सम्पन्न भए गरेका कार्यहरु के कसरी भएका छन ?  नागरिकहरुले सेवा प्राप्त गर्ने क्रममा के कस्ता तीता मिठा अनुभवहरु संगालेका छन्, सैदान्तिक र व्यवहारिक रुपमा के कस्तो अन्तर छ, अभिलेख व्यवस्थापन कस्तो छ भनि थाहा पाइने भएकोले यस अध्ययनको महत्व रहेको छ । यस अध्ययनबाट नागरिकता वितरणका क्रममा भएका सकारात्मक पक्षहरुलाई निरन्तरता दिदै दुर्वल पक्षहरुलाई क्रमशः हटाउदै र सुधार गर्दै लैजानका लागि ठोस, उपयुक्त र व्यवहारिक सुझावहरु प्रस्तुत गरिएकोले यस अध्ययनको थप महत्व छ । कतिपय कुराहरुमा केन्द्रिय तहबाट सैदान्तिक रुपमा मात्र गरिने अध्ययन विश्लेषण भन्दा सम्बन्धित कार्यक्षेत्रमा नै गरिने अध्ययनले निकालेको निष्कर्ष एवं सुझावहरुले कार्यन्वयन तहमा महत्वपूर्ण भूमिका खेल्दछन् । स्थानीय तहमा बसि कार्यान्वयन पक्षमा खटिएका र सेवाग्राहीहरुको प्रत्यक्ष सम्पर्कमा रहेका कर्मचारीहरुको पिरमर्का एवं कानून कार्यान्वयनका क्रममा देखिएका समस्याहरुका बारेमा जानकारी प्राप्त गर्न सकिने भएकोले पनि यस अध्ययनको महत्व छ ।

## १.५ अध्ययनको सीमा (Limitation of the study)

यस शोधपत्रमा केवल नागरिकता वितरण सम्बन्धमा भएका संविधान, ऐन, नियम, कार्यविधि निर्देशिका र उक्त ऐन नियमहरु कार्यान्वयन गर्ने विभिन्न तहहरु मध्येको एक सानो इकाइका रुपमा रहेको जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट नागरिकता वितरण सम्बन्धमा भएको काम कारवाहीका बारेमा मात्र अध्ययन सीमित रहेको छ ।

अहिले नेपालमा नागरिकता वितरणका लागि नेपालको अन्तरिम संविधान २०६३, नेपाल नागरिकता ऐन २०६३, नागरिकता नियमावली २०६३, कार्यान्वयनमा रहेको हुंदा यिनै ऐन नियमहरुको परिधि भित्र रहि आफ्नो अध्ययन केन्द्रित गरिएको छ । यसको साथै सोध अध्ययन शुरु गरको निकै अघि समयदेखि नै रोल्पा जिल्लामा कार्यरत रहि जिल्ला प्रशासन कार्यालय रोल्पा तथा यहांको स्थानीय बासिन्दाहरुसंगको सम्पर्कमा रहि नागरिकता वितरण सम्बन्धमा यहांका स्थानीय वासिन्दाहरु तथा पदाधिकारीहरुसंग गरिएका विचारहरुको आदान प्रदान र अनुभवहरु समेतलाई समावेश गरि सोधपत्रलाई यथार्थपरक बनाउने प्रयास गरिएको छ ।

## १.६ अध्ययनको संगठन (Organization of the study)

(क) अध्याय एक मा विषयको संक्षिप्त परिचय, अध्ययनको उद्देश्य, महत्व, सीमा आदि रहेका छन् ।

(ख) अध्याय दुई मा पूर्व अध्ययन समीक्षा प्रस्तुत गरिएको छ ।

(ग) अध्याय तीन मा अनुसन्धान पद्धतिका बारेमा उल्लेख गरिएको छ ।

(घ) अध्याय चार मा रोल्पा जिल्लाको संक्षिप्त परिचय र नागरिकता वितरणको इतिहास प्रस्तुत गरिएको छ ।

(ङ) अध्याय पांच मा नेपालमा नागरिकता वितरण सम्बन्धमा जारि गरिएका कानूनी प्रावधानहरु तथा संस्थागत व्यवस्था सम्वन्धमा उल्लेख गरिएको छ ।

(च) अध्याय छ मा नागरिकता वितरणमा देखिएका समस्या, तथ्यांकहरुको प्रस्तुती र विश्लेषण गरिएको छ ।

(छ) अध्याय सात मा सारांश, निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ ।

# अध्याय दुई
# पूर्वअध्ययनको समीक्षा

राज्यको अवधारणा संगसगै नागरिक र नागरिकताका विषयहरु उठ्ने गर्दछन् । राज्यले प्रत्याभुत गर्नुपर्ने नागरिक, राजनैतिक सामाजिक एवम् राज्य प्रति नागरिकहरुको कर्तव्य सुनिश्चित गर्न राज्यले नागरिकको दर्जा दिएर वैधानिकता प्रदान गरेको हुन्छ । यसले कुनै पनि राष्ट्रको राष्ट्रिय एकता, अखण्डता र सार्वभैमिकताको स्थिति सुदृढ वा कमजोर तुल्याउन सक्दछ । राज्यले नागरिकता सम्वन्धी नीति तयार गर्दा होस वा नागरिकता सम्बन्धमा चर्चा, परिचर्चा, बहस तथा शोधकार्य र अभ्ययन गर्दा होस् उपर्युक्त सम्बेदनशिलतालाई ध्यान दिनु जरुरी हुन्छ । यसै सन्दर्भमा यो शोधकार्यको उदेश्य तथा यसमा उठाईएका समस्याको कथनलाई सम्पूर्ण रुपमा समेटने गरि हाल सम्म कुनै कृति लेखन, अध्ययन अनुसन्धान तथा शोधकार्य हुन सकेको पाईदैन । तथापि प्रस्तुत शोधकार्य संग सम्बन्धित कतिपय पक्षहरु जस्तै नागरिकता सम्बन्धमा मौजुदा कानुनी व्यवस्था तथा हालको नीतिले राष्ट्रको सुरक्षा साथै अन्य विभिन्न पक्षहरुमा पारेको प्रभाव सम्वन्धमा मुलुकको संविधान ऐन तथा नियम एवम विद्यार्थीहरु द्धारा गरिएको शोधकार्य र विद्धानहरुको लेखहरुमा धेरै थोरै चर्चा भने भएको पाईन्छ ।

नेपालमा नागरिकता सम्बन्धी संवैधानिक एवम कानूनी व्यवस्थाहरुको वारेमा विभिन्न समयमा जारी भएका संविधान, ऐन, नियमवली तथा निर्देशिकाहरुमा उल्लेख गरिएको छ । वि.सं. २००७ सालमा प्रजतन्त्रको स्थापना पश्चात वि.सं. २००९ सालमा जारी भएको **'नेपाल नागरिकता ऐन,२००९'** संगै नेपालमा नागरिकता सम्वन्धी व्यवस्थाको शुरुवात भएको पाइन्छ । वि.सं. २००९ सालको नागरिकता ऐनको व्यवस्थालाइ २०१९ सालमा जारी भएको **'नेपालको संविधान, २०१९'** ले मात्र नागरिकताको अधिकारलाई संवैधानिक रुपमा स्थापित गरेको पाइन्छ । नागरिकता संवन्धी संवैधानिक र कानूनी व्यवस्थालाइ समयसापेक्ष तथा व्यवहारिक वनाउदै लैजाने क्रममा यस सम्वन्धी व्यवस्था मुख्यत : **'नेपाल नागरिकता ऐन, २०२०'**, **'नेपाल अधिराज्यको संविधान, २०४९'**, **'नेपाल नागरिकता नियमावली, २०४९'** मा गरि व्यवहारमा ल्याएको पाइन्छ । यसको साथै हालको वदलिदो परिस्थितिमा जनतालाइ सरल प्रकृयावाट छिटो नागरिकता सम्वन्धी सेवा उपलव्ध गराइ नागरिकताको समस्या समाधान गर्ने उदेश्यले नागरिकता सम्वन्धी व्यवस्था संविधानमै उल्लेख गरि **'नेपालको अन्तरिम संविधान, २०६३'** जारी गरिएको छ भने यस सम्वन्धी व्यवस्था गर्नको निमित्त **'नेपाल नागरिकता ऐन, २०६३'**, **'नेपाल नागरिकता नियमावली, २०६३'** र **'नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३'** जारी गरि कार्यान्वयन गरिएको छ ।

नागरिकता सन्दर्भमा स्वतन्त्र वहस, छलफल तथा रचना हरुको निर्माण मुख्यतः दोस्रो जनआन्दोलन पछि मात्र भएको पाइन्छ यद्धपि यस संवन्धमा एकदमै थोरै चर्चा परिचर्चा तथा रचनाहरुको निमार्ण भएको पाईन्छ । यी रचनाहरु तथा लेखहरु पनि देशमा सन्चालन भएको दोस्रो जनआन्दोलन र त्यसपछि ल्याइएका संवैधानिक एवं कानूनी व्यवस्था र त्यसको प्रभाव तथा सवल र दुर्वल पक्षहरुको सेरोफेरोमा घुमेको देखिन्छ ।

यस सन्दर्भमा यज्ञराज कोइराला द्धारा लिखित **'राज्य र नागरिकता'** ले नागरिकता सम्वन्धमा विविध पक्षहरु समेटन खोजेको देखिन्छ । मकालु प्रकाशन गृह, काठमांडौले वि.सं.२०६७ सालमा प्रकाशन गरेको सो पुस्तकमा नागरिकताको पृष्ठभूमी, विशेषता, आधारहरु, राज्य र नागरिक वीचको सम्वन्ध, नागरिकताको प्रकार, नागरिकता समाप्तीको आधार तथा नागरिकता प्राप्ती पछि नागरिकको जिम्मेवारी र भावी संविधानमा नागरिकता जस्ता समसामयिक पक्षहरुलाई ,समेटी विश्लेषण गरिएको छ ।

रेशम राज अधिकारी द्धारा संग्रहित समिक्षात्मक लेखहरु **'नेपालको नागरिकता वितरण प्रणाली'** ले नागरिकता संवन्धमा समसामयिक पक्षहरु समेटेको छ । सामाजिक अनुसन्धान र सामाग्री विकासको लागि प्रज्ञिक मञ्चले २०६८ असोजमा प्रकाशन गरेको यस संग्रहमा नागरिकता वितरण प्रकृया, ऐन कानून लगायतका शीर्षकहरुमा सम्वन्धित विशेषज्ञहरुको विचार तथा अनुभवहरु संगालेको छ ।

गंगा वहादुर क्षेत्री द्धारा तयार गरिएको शोधपत्र '**नेपालमा नागरिकता सम्वन्धी व्यवस्था : एक अध्ययन, २०६८**' ले नागरिकता सम्वन्धी अवधारण, विभिन्न राजनैतिक दलहरुको दृष्टिकोण, तथा नेपालको नागरिकता सम्वन्धी व्यवस्थाको साथसाथै छोटो रुपमा भारत, चीन, अमेरिका र वेलाएतको व्यवस्था समेत प्रकाश पार्नु भएको छ ।

दोस्रो जनआन्दोलन पछि अस्तित्वमा आएका संवैधानिक एवं कानूनी व्यवस्था र नागरिकता सम्वन्धी सरकारका पछिल्ला नीतिले पारेका प्रभावका सन्दर्भमा डा.सुरेन्द्र के.सी (**नेपालमा नागरिकताको इतिहास र संघर्ष**), साध्यबहादुर भण्डारी २०६४ (**नागरिकतामा राष्ट्रघात**), प्रदिपकुमार कोईराला (**नेपालमा नागरिकता समस्या र समाधान**), सोभित घिमिरे (**पहिले नागरिकता अनि संविधान सभा**), शरद पौडेल (**तराई-मधेश पहिचानको संघर्षमा**) लगायतका विद्धानहरुले प्रसस्त चर्चा गर्नु भएको छ ।

नागरिकता सन्दर्भमा गैरआवासीय नेपाली संधले '**गैर आवासीय नेपालीको लागि दोहोरो नागरिकता**' विषय अवधारण पत्र (२०६६) प्रकाशन गरेको छ । यसले हाल नेपालमा कायम रहेको नागरिकता ऐन २०६३ को दफा १० ( १) ले "नेपालको कुनै नागरिकले आफुखुशी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहने छैन" भनि गरेको व्यवस्था तथा सोही ऐनको दफा ३ (२) अनुसार वंशज नागरिकता दिदा गरिने लैंगिक पक्षपात नितान्त अनुचित एवं अन्यायपूर्ण छ भन्ने कुरामा आवाज उठाउदै नेपालको सर्वाङ्गिण विकासको एक महत्वपूर्ण साझेदारको हैसियतले गैरआवासीय नेपाली हरुको लागि नयाँ बन्ने संविधानमा दोहोरो नागरिकताको साथसाथै नेपाली महिला वा पुरुष नागरिकका सन्तती लाई वंशज नागरिकता दिनु पर्ने माग राखेको छ ।

नागरिकता सन्दर्भमा उपर्युक्त विभिन्न विद्धानहरुले चर्चा परिचर्चा गरेको भए तापनि शोधकर्ताको उद्धेश्यलाई पूर्णरुपमा समेटने गरि हाल सम्म अध्ययन भने भएको पाइदैन ।

# अध्याय तीन
# अनुसन्धान पद्धति

कुनै पनि विषयवस्तुका बारेमा अनुसन्धान कार्य गर्दा निश्चित विधि र प्रकृयाहरुको अवलम्बन गर्नुपर्ने हुन्छ । अनुसन्धानको बिषयबस्तु अनुसारको अनुसन्धान विधि वा पद्धति अपनाउन सकिएन भने अनुसन्धानको लक्ष्य पुरा गर्न सकिदैन । अनुसन्धान कार्यका लागि विषय अनुसारका विभिन्न पद्धतिहरुको विकास गरिएको पाइन्छ । यस सोधपत्रको विषय सामाजिक प्रकृतिको छ । तसर्थ प्रस्तुत विषय (जिल्ला प्रशासन कार्यालय, रोल्पामा नागरिकता वितरण प्रकृया) मा अध्ययनको क्रममा अपनाईका विधिहरु सम्वन्धमा यस अध्यायमा प्रकाश पारिएको छ ।

**३.१ अध्ययन क्षेत्र छनौटको औचित्य :**

नेपालमा नागरिकता वितरण सम्बन्धी विषय हाम्रो देशको राजनैतिक र सामाजिक क्षेत्रमा विगत लामो समय देखि एउटा वहसको रुपमा आइरहेको पाइन्छ । नागरिकता लिने, दिने र दिलाउने बिषयमा खुवै चर्चा परिचर्चा हुने गरेको छ । यो विषयमा विभिन्न राजनैतिक दल, नागरिक समाज, पेशागत संघ संगठन आदिको बीचमा सर्वसम्मत मान्यता कायम हुन सकिरहेको छैन । हरेक पक्षले आफ्नो अनुकूल हुने गरि नागरिकताको विषयलाई व्याख्या विश्लेषण गर्ने गरेको पाइन्छ । नेपालमा नागरिकता वितरणका लागि विगतदेखि वर्तमान सम्म संविधान ऐन र नियमहरु बनाईदै आएको देखिन्छ तर पनि नागरिकता वितरण कार्य निर्विवाद रुपमा अगाडि बढेको छैन । नागरिकता वितरण कार्य हरेक नेपाली नागरिकसंग जोडिएको र राष्ट्रियता निर्धारण गर्ने महत्वपूर्ण संवेदनशिल विषय पनि भएको हुंदा अध्ययनका लागि यो विषय छनौट गरिएको हो । यस सोधपत्रमा जिल्ला प्रशासन कार्यालय, रोल्पालाई नै केन्द्र विन्दु बनाएर नागरिकता वितरण प्रकृयाका बारेमा अध्ययनको क्षेत्र चयन गर्नको मुख्य कारणहरु निम्नानुसार रहेका छन् ।

(क) नागरिकता वितरण कार्य विगत देखि हाल सम्म पनि सर्वसम्मत रुपमा भएको पाइएन । तसर्थ यस विषयमा तथ्यगत कुरा जान्ने इच्छा भएकोले ।

(ख) जिल्ला प्रशासन कार्यालय, रोल्पालाई नै केन्द्र विन्दु बनाई नागरिकता वितरण प्रकृयाका बारेमा हाल सम्म अध्ययन नभएकोले ।

(ग) सोधकर्ता स्वयं पनि रोल्पा जिल्लामा कार्यरत रहेकाले ।

**३.२ अनुसन्धान ढाँचा :**

प्रस्तुत सोधपत्र वर्णनात्मक र विश्लेषणात्मक किसिमको रहेको छ । नेपालमा नागरिकता वितरण प्रकृयाका बारेमा जानकारी हासिल गरि वर्णन गर्ने र अध्ययनका क्रममा प्राप्त तथ्यांकहरुलाई तालिकीकरण समेत गरि विश्लेषण गरिएको हुंदा यस सोधपत्रलाई वर्णनात्मक र विश्लेषणात्मक प्रकृतिको भन्न सकिन्छ ।

**३.३ समग्रता र नमूना :**

यस सोधपत्रमा जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट वितरित सम्पूर्ण नागरिकता र नागरिकता प्राप्त गर्ने सेवाग्राहीहरुका बारेमा अध्ययन गर्न विभिन्न कारणहरुले गर्दा सम्भव भएन । तसर्थ अध्ययनको क्रममा यस कार्यालयबाट २०६८ मंसिर देखि २०६९ बैसाख मसान्त सम्म जम्मा ६ महिनामा वितरित नागरिकता, सेवाग्राही र सो अवधिमा कार्यरत कर्मचारीहरुलाई आधार मानिएको छ। यसमा अध्ययनका लागि यी महिनामा आएका सेवाग्राही मध्ये ५० जना सेवाग्राहीहरु, नागरिकता फांटमा काम गर्ने ५जना कर्मचारीहरु र १० जना स्थानीय निकायका पदाधिकारीहरुसंग जानकारी प्राप्त गरि अध्ययन गरिएको छ ।

### ३.४ तथ्यांकको प्रकृति र श्रोत

सोधपत्र तयार गर्ने क्रममा नागरिकता वितरण प्रकृयाका बारेमा प्राथमिक र द्धितीयक तथ्यांकहरु संकलन गरिएका छन । प्राथमिक तथ्यांकहरु प्रत्यक्ष अवलोकन, प्रश्नावली सूची र वैयक्तिक अध्ययन विधिद्धारा संकलन गरिएका छन् । द्धितीयक तथ्यांकहरु विभिन्न संविधान, ऐन, नियम, कार्यविधिहरु, पुस्तकहरु र कार्यालयको अभिलेखबाट लिइएको हो ।

### ३.५ तथ्यांक संकलन विधि :

यस सोधपत्र तयार गर्ने क्रममा निम्नानुसारका विधिहरु अपनाई तथ्यांक संकलन गरिएको छ ।

#### ३.५.१ प्राथमिक तथ्यांक :

प्राथमिक तथ्यांक प्रत्यक्ष अवलोकन, प्रश्नावली सूची र वैयक्तिक अध्ययनको माध्यमबाट संकलन गरिएको छ । तसर्थ यस सोधपत्रमा समावेश गरिएका प्राथमिक तथ्यांकहरु सत्य तथ्यमा आधारित छन् ।

#### ३.५.२ द्धितीयक तथ्यांक :

यस सोधपत्रमा समावेश गरिएका द्धितीयक तथ्यांकहरु नागरिकता वितरणसंग सम्बन्धित संविधान, ऐन, नियम, पुस्तक र कार्यालयको अभिलेखबाट लिइएको छ ।

#### ३.५.३ तथ्यांक प्रशोधन र व्याख्या :

यस सोधपत्रमा नागरिकता वितरण प्रकृयाका बारेमा अध्ययन गर्न प्राथमिक र द्धितीयक श्रोतबाट तथ्यांकहरु संकलन गरिएको छ । यसरी संकलन गरिएका तथ्यांकहरुलाई संक्षिप्त र तर्कपूर्ण रुपमा व्यवस्थित गर्न तालिकीकरण समेत गरि तथ्यांकको व्याख्या र विश्लेषण गरिएको छ जसबाट सोधपत्र बढी यथार्थपरक बन्न पुगेको छ ।

#### ३.५.४ तथ्यांकको विश्वसनियता एवं प्रमाणिकता :

प्रस्तुत सोधपत्रमा उपयोग गरिएका सम्पूर्ण तथ्यांकहरु अध्ययन क्षेत्रमा नै रहेर प्राथमिक तथ्यांक सम्बन्धित सेवाग्राहीहरु, जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरु र स्थानीय निकायका कर्मचारीहरुबाट प्राप्त गरिएको छ भने द्धितीयक तथ्यांक विगतका र वर्तमानका संविधान ऐन, नियम, पुस्तक र कार्यालयका अभिलेखबाट लिइएको छ । यसरी कार्यक्षेत्रमा नै रहेर आधिकारिक श्रोतहरुबाट तथ्यांक संकलन गरिएको हुंदा यस सोधपत्रमा समावेश गरिएका तथ्यांकहरु विश्वसनीय छन् । तथ्यांक संकलनमा कुनै पूर्वाग्रह र भेदभाव नराखिएको तथा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गरिराखिएका यी तथ्यांकहरु प्रमाणिक पनि छन् । यस्ता विश्वसनीय र प्रमाणिक तथ्यांकहरुबाट निकालिएका समस्या एवं सुझावहरु समेत विश्वसनीय र प्रमाणिक हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

# अध्याय चार
# रोल्पा जिल्लाको संक्षिप्त परिचय एवं नागरिकता वितरणको इतिहास

## ४.१ रोल्पा जिल्लाको संक्षिप्त परिचय

### ४.१.१ ऐतिहासिक पृष्ठभूमी

हालको रोल्पा जिल्ला प्राचीनकालमा नेपालका लिच्छविहरुको अधिनमा थियो । लिच्छवि अभिलेख भएका माटाका साना चैत्यहरु जुम्लासम्म भएको आधारमा लिच्छवि शासकहरुले यस जिल्लामा पनि शासन गरेको प्रमाणित हुन्छ ।[२] लिच्छविहरुको पतन पछि कर्णाली क्षेत्रमा नागराज वंशको उदय भयो । नागराज वंशजहरुले पश्चिममा कुमाउँ-गढवालदेखि पूर्वमा त्रिशुली गण्डकी र उत्तरमा ताक्लाकोटदेखि दक्षिणमा तराई भेकसम्म शासन गरेका थिए । नागराज वंशजहरु र गेला वंशको शासकहरुले ई.सं.को चौधौं शताब्दीसम्म शासन गरेका थिए । ती शासकहरुले हालको रोल्पा जिल्लामा पनि शासन गरेका थिए । गेला वंशको पतन पछि अनेक स्थानीय प्रशासकहरुले आफ्नो इलाकामा स्वतन्त्र भई शासन गरे ।

पश्चिम नेपालमा चौबीसी, बाइसी राज्यहरुको अभ्यूदय नहुञ्जेल स-साना राज्यहरु प्रशस्त खडा भए । त्यस समयमा एक कोटका एक शासक हुन्थे । यस प्रकार स्थानीय प्रत्येक समूहको आ-आफ्नो कोटहरु हुन्थे र आ-आफ्ना शासकहरु हुन्थे । पछि ती भुरे कोटनायकहरुलाई विजय गर्दै बाइसी र चौबीसी राज्यहरु खडा भए । ती बाईसे राज्यहरु मध्ये रोल्पा जिल्लामा पनि दुईओटा-गजुल र खुङ्ग्री राज्यहरु थिए ।[३] यस क्षेत्रको प्रचलित जनश्रुति अनुसार जाजरकोटका राजा जक्ति सिंहका एक छोरा तुथा सिंह गजुलका राजा थिए । तुथा सिंहले रुकुमका भुरे राजा डारे जैतामकी छोरी तुम्मवति मैयाँसँग विवाह गरेका थिए । उक्त भुरे राजाले आफ्नी छोरीलाई दाइजोको रुपमा थवाङ, जेलवाङ, फगाम, मिभिङ, लिवाङ, रेउघा, कोटगाउँ, जङकोट, ह्वामा, धाङसी धवाङ, ढाङढुङ, खुमेल र प्यूठानमा पर्ने खुङ्ग्री दिएका थिए । विभिन्न गाउँहरुले गजुलको राजालाई अनेक कर र दशैंको लागि राँगा, बोका, घ्यू आदि प्रत्येक वर्ष दिन्थे । यो चलन पछि २०१२ सालसम्म रह्यो भन्ने लोकोक्ति छ ।

सुदुर पश्चिमाञ्चल विकास क्षेत्रमा भुरे राज्यहरुको चकचकी भइरहेको बेला गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने अभियान ई.सं. १७४३ देखि शुरु गरेका थिए । पृथ्वीनारायण शाहले आफ्ना राज्य पश्चिम मर्स्याङ्दीदेखि पूर्व कन्काई र तमोरसम्म विस्तार गरेका थिए । पश्चिमका राज्यहरु माथि विजय अभियान रणबहादुर शाहका शासनकालमा राजमाता राजेन्द्र लक्ष्मी र राजकुमार बहादुर शाहका नायबीकालमा सफलिभूत भयो । नायब बहादुर शाहले पश्चिमका राज्यहरु माथि विजय प्राप्त गर्न पाल्पाका राजा महादत्त सेनको सहायता लिएका थिए । यस प्रकार पाल्पाको सहयोग लिई नायब बहादुर शाहले पुरै बाइसी क्षेत्रमा विजय गरी बृहत् नेपालको सीमा पश्चिममा अलकनन्दासम्म पुऱ्याएका थिए । यसै अभियानमा हालको रोल्पा जिल्लास्थित सबै भुरे राज्यहरु पनि बृहत् नेपालमा गाभिए । यस प्रकार नायब बहादुर शाहले रोल्पा विजय गरे ।[४]

रोल्पा जिल्लाको नामाकरण सन्दर्भमा २०१९ सालको पञ्चायत संविधान द्वारा तत्काल प्युठान र सल्यानबाट कटौटी भई कालाशेष बाइसखुवा दार्माकोट र रोल्पाथुमहरु समावेश भई रोल्पा जिल्लाको निर्माण भएको र तत्काल स्वर्गद्धारी अञ्चल भित्र पर्दथ्यो । २०२३ सालमा राप्ती अञ्चल नामाकरण भयो, २०३२ सालमा जिल्लाको नक्सा पुनः फेरबदल भई दार्माकोट पुरै र रोल्पाको अधिकांश भुभाग कटौती भई सल्यान र रुकुममा गाभिन गयो भने सल्यानबाट

---

[२] धनबज्र बज्राचार्य, लिच्छविकालको अभिलेख, नेपाल र एसियाली अध्ययन संस्थान, कीर्तिपुर, २०३०, पृष्ठ ५९८ ।

[३] एकराज सुवेदी, रोल्पा विम्ब, रोल्पा विकास समाज, काठमाडौं, २०६२, पृष्ठ ८ ।

[४] मेची महाकाली मध्य पश्चिमाञ्चल विकास क्षेत्र भाग ४, (काठमाण्डौ : श्री ५ को सरकार संचार मन्त्रालय, सुचना विभाग, २०३१) पृष्ठ १०४ ।

आठहजार क्षेत्र र सातसय सखी क्षेत्र तथा प्युठानबाट तीनवटा गा.वि.स. रोल्पाभित्र गाभिन गई गोलो आकारको नक्सा निर्माण हुन गयो । यसरी रोल्पा जिल्लाको नामाकरण “रोल्” भनेको नम्बर र “पा” भनेको हिस्सा, टुक्रा वा क्षेत्र हुन्छ । केही बुढापाकाहरुको भनाई अनुसार “रो” भनेको कुरा, निर्णय वा छलफल, “ल” भनेको तथा “पा” भनेको हिस्सा, टुक्रा वा क्षेत्र भन्ने अर्थ लाग्दछ । साँच्चै नै विकसित अर्थमा शासनका लागि छुट्याईएको हिस्सा, टुक्रा वा क्षेत्र भन्ने अर्थबाट रोल्पा हुन गएको तथा हाल रोल्पाको मुख्य क्षेत्र मानिएको कोटमौला २०३२ सालमा कटौती भई सल्यानभित्र गाभिएको छ । २०१९ सालमा सरकारी कार्यालयहरु स्थापना भई जिल्लाको बीच भाग (मध्य क्षेत्र) लिबाङ सदरमुकामको रुपमा स्थापित भएको पाईन्छ जसलाई लि+बाङ अर्थात बाँसको चवर अर्थ लाग्दछ । हाल सदरमुकाम लिबाङ हुँदै जिल्लाको विकास निर्माण एवं दैनिक प्रशासन चल्दै आएको छ ।[५]

### ४.१.२ भौगोलिक अवस्थिति

रोल्पा नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत पर्ने राप्ती अञ्चलको एक मध्य पहाडी जिल्ला हो । नेपालको प्रशासनिक विभाजन अनुसार पूर्वमा बाग्लुङ र प्यूठान, पश्चिममा सल्यान, उत्तरमा रुकुम र दक्षिणमा दाङको विचमा रहेको यस रोल्पा जिल्ला ८२.१० डिग्रि देखि ८२.९० डिग्रि पूर्वी देशान्तर र २८.८ डिग्रि देखि २८.३८ डिग्रि उत्तरी अक्षांसमा अवस्थित छ । समुद्र सतहको ७०१ देखि ३६३९ मीटरसम्मको उचाईमा रहेको यस जिल्लाको सदरमुकाम लिवाङ समुद्र सतहबाट १३७५ मीटरको उचाईमा रहेको छ ।[६] कूल क्षेत्रफल १८७९ वर्ग किलोमीटर रहेको यस जिल्लालाई २ निर्वाचन क्षेत्र, ११ ईलाका र ५१ गा.वि.स. हरुमा विभाजन गरिएको छ ।[७]

### ४.१.३ सामाजिक तथा आर्थिक जनजीवन

नेपालको मध्यपहाडी भागमा अवस्थित रोल्पा जिल्लाको भू-बनौट र प्राकृतिक स्वरुपको आधारमा उत्तरी र दक्षिणी दुई भागमा विभाजन गरि सोहि अनुरुप यहाको मानवीय विविधतालाई मूल्यांकन गर्न सकिन्छ । उत्तरी भेगमा उब्जाउ जमिनको अभाव तथा वढी जाडो हुने र दक्षिणी भेगमा मौसम अनुकुल खेती योग्य जमिन पनि भएकाले सो बाट यी दुवै भागमा बस्ने जनताहरुको आर्थिक स्तर समेत फरक रहेको देखिन्छ । उत्तरी भेगमा वढी मात्रामा मगर जातीको वसोवास छ भने दक्षिणी भेगमा ब्राम्हण, क्षेत्री, ठकुरी, कामी, दमाई, वादी तथा केहि मात्रामा मगरहरुको पनि वसोवास छ । यसरी जातीय तथा आम्दानीका श्रोतका हिसावले पनि यी दुई भेगको सामाजिक अवस्था पनि फरक-फरक रहेको छ । यस जिल्लाका बासिन्दाहरु प्रायः हिन्दु तथा बौद्ध धर्मावलम्वी छन् । यसका अतिरिक्त जुगाँर गा.वि.स. मा केहि निरंकारीहरु पनि रहेका छन् । यहाका मगरहरुले हिन्दु तथा वौद्ध धर्म अवलम्वन गरे तापनि तिनीहरुको आफ्नै प्रकारको जन्म,विवाह, मृत्यु संस्कार परम्परा छ । वच्चा जन्मदा नावी खसे पछि विजोडा दिन ( पांचौ, सातौं, नवौं) पारेर पात्रो हेर्ने तथा मगर जैसीलाई बोलाइ न्वारान गराउने चलन छ । विवाहमा पनि मगर जैसीलाई वोलाई कर्मकाण्ड पुरा गरिन्छ । मृत्यु संस्कार मगर परम्परा अनुसार जलाएर कसैलाइ र कसैलाई गाडेर गरिन्छ । यस जिल्लाका मुख्य चाडपर्वहरु दशै, तिहार, माघे संक्रान्ति र होली पुर्णिमा हुन । मगर समुदायमा माघेसंक्रान्तिलाई महत्वपूर्ण चाडको रुपमा मनाईन्छ । त्यसै गरि केहि मगरहरुले दशै र तिहारलाई पनि उत्तिकै महत्वका साथ मनाउने गर्छन् । ब्राम्हण तथा क्षेत्री समुदायले दशै र तिहारलाई प्रमुख चाडको रुपमा मनाएको पाईन्छ । यहाँ मेलापात र नांचगानको प्रचलन निकै पाईन्छ । यहां देवी देवता पूजा गर्ने चलन पनि निकै छ । दशै तिहार जस्ता बहुप्रचलित पर्वहरु लगायत कूल देवतापूजा (भुमे पूजा) गर्दा आ-आफ्नो गाउंमा जातीय हिसावले सामुहिक रुपमा एकै स्थानमा भेला भई पूजा गरिन्छ । त्यसै गरि सिद्धपुज्दा वोका र बराह पुज्दा भेडा वली दिने चलन छ ।

---

[५] हाल काठमाडौं निवासी इतिहासविद तथा राष्ट्रिय पञ्चायत सदस्य श्री वम कुमारी बुढामगर सँग मिति २०६८/११/०५ मा लिइएको अन्तरवार्तावाट प्राप्त जानकारी ।

[६] राप्ती अञ्चलको संक्षिप्त चिनारी, अञ्चल प्रशासन कार्यलय, राप्ती, तुल्सिपुर, दाङ २०६२, पृष्ठ २३ ।

[७] पपुलेसन अफ नेपाल, (सेलेक्टेड डाटा), काठण्मांडौ केन्द्रीय तथ्याङ्क विभाग, सन् २००१, पृष्ठ ४९ ।

जिल्लाको केहि स्थानहरुमा विहानको दुध विहानै प्रयोग गरिदैन, प्रयोग गरेमा दुध्यारो लाग्दछ भन्ने जनविश्वास पाईन्छ । त्यस्तै दक्षिणी भेगका केहि ठाउंहरुमा आईतवार र शनिवार कुनै लेनदेन नगर्ने प्रचलन पनि छ, गरेमा अशुभ हुन्छ भन्ने जनविश्वास छ । सामान्य नेपाली पहिरन वाहेक यस जिल्लाको खास पहिरन महिलाहरुमा गादो र पुरुषहरुमा छड्के गादो हो । आईमाईहरुले नाकमा माछिकाँडे मुन्द्री र हातमा काडा भएको मोटो वाला लगाउछन् । दक्षिणी र पश्चिमी भेगका महिलाहरुले गुन्यु र चोलो तथा पुरुषहरुले दौरा सुरुवाल लगाउछन् । मेलापातमा खास गरि जलजला मेला (थवाङ), चतुर्भुज मेला (खुंग्री), चिन्नेथान मेला (दुविडांडा), बारभदौ चपीमेला (वुढागाउं) र अष्टमी त्रिवेणी मेला (नुवागाउं) प्रचलित छन ।[८] यस जिल्लाका बहुसंख्यक मानिसहरु भारतका विभिन्नस्थानहरुमा मजदुरी र चौकीदारीका लागि गएका छन् भने केहि मात्रामा व्रिटीस तथा भारतीय सेनामा साथै अन्य खाडि मुलुकहरुमा काम गर्न जाने प्रचलन रहेको छ । त्यस वाहेक यहांका युवा तथा तन्नेरीहरु माफ्ष काठमाणडौ उपत्यकामा इट्टाभट्टामा काम गर्न जाने प्रचलन पनि वढ्दो छ । जिल्लामा मकै, धान, गहुं, जौं, कोदो र आलु खाद्यान्नको रुपमा प्रयोग गरिन्छ । उत्तरी भेगमा ढिंडो (काङ) र मारे साग (हरियो सागलाई उसिनेर सुकाएको) वढी प्रयोग हुन्छ । केहि स्थानहरुमा त कुनै कुनै समयमा आलुलाई मात्र खानाको रुपमा प्रयोग गर्नुपर्ने अवस्था छ । त्यसो हुनुको कारण उब्जाउ भूमीको कमी तथा उत्पादित खाद्यान्न जांड रक्सी वनाउनमा प्रयोग गरिनु पनि हो । जिल्लाका बहुसंख्यक समुदाय मगर जाती भएको र उनीहरुको रीतिरिवाज अनुसार जांड रक्सीको प्रयोग वढी हुने भएकोले पनि यस्तो भएको देखिन्छ । यस जिल्लामा रहेका मुख्य नदीहरुमा माडीखोला, लुग्रींखोला, फगामखोला, त्रिबेणी खोला, मिरुलखोला लगायतका र झरनाहरुमा सुनछहरी झरना (स्युरी) लहरीखोला झरना (तालावाङ) जायछहरा झरना (रांक) आदि रहेका छन् ।[९]

## ४.२ नागरिकता वितरणको इतिहास

रोल्पा जिल्लाको नागरिकताको वितरणको इतिहास नियाल्दा पञ्चायत अधिकारी को रुपमा वामदेव आचार्य रहने गरि पहिलो पटक २०२६ सालमा जिल्ला पञ्चायत सचिवालयको स्थापना भएको र नागरिकता वितरण प्रक्रिया २०२८/०२९ देखि मात्र सुरु भएको पाईन्छ । जसमा नागरिकता लिने पहिलो व्यक्ति २०१७ सालको आम चुनावमा नेपालको क्षेत्र नं. ८३ अन्तर्गत रोल्पा क्षेत्रका सांसद स्वर्गीय षडानन्द सुवेदी र सामाजिक व्यक्ति एवं पुर्वमाननीय द्धय बालाराम घर्तिमगर र वम कुमारी बुढा मगर क्रमशः दोश्रो र तेश्रो व्यक्तिको रुपमा हुनुहुन्छ ।

यसरी २०२६ साल अघि जागीर खानका लागि वा राजनीतिक गतिविधि अर्थात चुनावमा भाग लिनका लागि पनि नागरिकता आवश्यकता पर्ने नगरेको र त्यस बेलाको ग्राम पञ्चायतको अधिकारीले सिफारिस गरेको आधारमा यी सबै खाले क्रियाकलाप हुने गरेको पाईन्छ । यसरी निजहरुको राजनीतिक गतिविधीलाई नियाल्दा सुवेदी, घर्ती र बुढामगरज्यूले समेत पदीय हैसियत प्राप्त गरेको धेरै समय पछि मात्र नागरिकता प्राप्त गरेको देखिन्छ । त्यसबेला जागीर खाईसकेका कर्मचारीले समेत २०३१/०३२ सालमा नागरिकता लिएको देखिन्छ । तत्कालिन समयमा भारततिर जाँदा समेत जो जससँग सम्बन्धित छ भनि सिफारिस गरि पठाउने गरेको साथै सो काम गाउँ पञ्चायतले नै गर्ने गरेको, सो कागजपत्रलाई **राहदानी** भन्ने गरेको पाईन्छ ।[१०] यसरी रोल्पा जिल्लाको नागरिकता वितरणको इतिहास एउटा गाउँ पञ्चायतको सिफारिसबाट सुरु भई २०२८ सालदेखि सामान्य नेपाली कागजमा फोटो टाँसी दिने गरेको र अहिले नेपाली अङ्ग्रेजी लिपीमा कम्प्युटर प्रणालीबाट प्रदान गरिँदै आएको छ । सो समयको नागरिकता हेर्दा कतै बुवाको नाम, कतै नागरिकता लिने व्यक्तिको नै नाम छुटेको र नागरिकता दिने अधिकारीको दस्तखत एवं नागरिकता नं. नै नभएको नागरिकता हालसम्म पनि पाईएको छ । उदाहरणका लागि रोल्पा जिल्ला लिवाङ-६, जिम्मुवाल टोल

---

[८] लिवाङ जिवासी नेपाल टेलिभिजनका पत्रकार श्री राजेश बुढाथोकीसंग मिति २०६८/१०/२४ मा लिइएको अन्तरवार्तावाट प्राप्त जानकारी ।

[९] राप्ती अञ्चल, पूर्ववत टिप्पणी, नं. २, पृष्ठ २५ ।

[१०] हाल काठमाडौं निवासी इतिहासविद तथा राष्ट्रिय पञ्चायत सदस्य श्री वम कुमारी बुढामगर सँग मिति २०६८/११/०५ मा लिइएको अन्तरवार्तावाट प्राप्त जानकारी ।

निवासी शशी बुढाथोकीको नागरिकतामा बाबुको नाम, नागरिकता नं. र प्रमाणपत्र दिने अधिकारीको दस्तखत नै नभएको फेला परेको र मिति २०६७ सालमा उहाँले प्रतिलिपी नागरिकता लिँदा अनेक कानुनी समस्या भेल्नु परेको थियो । यसरी हेर्दा कुनै व्यक्ति विशेषको ठाडो आदेशमा त्यस बेलाको गाउँ पञ्चायत, जिल्ला पञ्चायत चल्ने गरेको र विधि प्रक्रियाको सुरुवात धेरै पछि मात्र भएको देखिन्छ ।

# अध्याय पाँच
# नेपालमा नागरिकता वितरण सम्बन्धी व्यवस्था

नेपाल दुई ठूला जनसंख्या भएका मुलुकका बीचमा अवस्थित खुला सिमाना भएको एउटा सानो भूपरिवेष्ठित राष्ट्र हो । खुला सिमाना भएको तथा सामाजिक र सांस्कृतिक हिसावले समेत छिमेकी देशहरुसंग मिल्दोजुल्दो भएको कारणबाट नेपालमा नागरिकताको प्रमाणपत्र वितरण अति नै जटिल र कठिन कार्य हो । नागरिकता जस्तो संवेदनशिल र जटिल कार्य गर्ने कर्मचारीहरुमा नागरिकता वितरणसंग सम्बन्धित संविधान, ऐन, नियमावली, कार्यविधि निर्देशिका तथा समय समयमा सरकारबाट निर्णय भई जारि भएका परिपत्रका बारेमा यथार्थ जानकारी हुनुपर्दछ । तसर्थ यस परिच्छेदमा नेपालमा नागरिकता वितरणका लागि जारि गरिएका संवैधानिक एवं कानूनी प्रावधानहरुका बारेमा प्रष्ट पारिएको छ । साथै नागरिकता वितरणका लागि स्थापना गरिएका संस्थागत संरचनाका सम्बन्धमा समेत प्रकाश पारिएको छ । यहि परिच्छेदमा नेपाली नागरिकताका किसिम, प्राप्त गर्ने र प्रदान गर्ने प्रकृयाका बारेमा समेत प्रष्ट पार्ने कोशिस गरिएको छ ।

## ५.१ नेपालमा नागरिकता वितरण सम्बन्धी कानूनी व्यवस्था

नेपालमा बस्ने नेपाली नागरिकको पहिचानका लागि नागरिकताको प्रारम्भ नागरिकता ऐन २००९ जारि भएपछि भएको हो । राष्ट्रको संविधानमा नै नागरिकताका बारेमा उल्लेख गरिएको संविधान २०१९ हो । त्यस पछि क्रमशः नेपाल अधिराज्यको संविधान २०४९ र नेपालको अन्तरिम संविधान २०६३ मा पनि नागरिकता सम्बन्धी व्यवस्थाका बारेमा उल्लेख गरिएको छ । यसै सन्दर्भमा जारि गरिएका नेपाल नागरिकता नियम २००९, नेपाल नागरिकता ऐन २०२०, नेपाल नागरिकता नियमावली २०४९ तथा नागरिकता ऐन २०६३ र नियमावली २०६३ हुन । उल्लेखित संविधान, ऐन र नियमका बारेमा क्रमशः तपसिलमा यथार्थ रुपमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

## ५.२ नेपाल नागरिकता ऐन २००९

यो ऐन नागरिकता वितरणका लागि सर्व प्रथम २००९ साल बैशाख २६ गते जारि भएको देखिन्छ । यस ऐनको दफा २ मा प्रत्येक त्यस्तो व्यक्ति जो नेपाल राज्यको आदिवासी भइ निम्न लिखित शर्तहरु मध्ये कम्तिमा पनि एउटा शर्त पुरा भएको खण्डमा ऊ नेपालको नागरिक ठहर्छ भनि उल्लेख गरिएको पाइन्छ । यस ऐन अनुसार जन्म, वंशज (रक्तसम्बन्ध) र अंगीकरणको आधारमा नागरिकता प्राप्त हुन्थ्यो । यी प्रावधान मध्ये नागरिकता अध्यादेश र नागरिकता ऐन २०२० लागु भएपछि जन्मको आधारमा नागरिकता प्राप्त गर्ने आधार हटेको थियो ।

(क) जो नेपालमा जन्मेको हो ।
(ख) जसको आमा वा बाबु मध्ये एक जना नेपाल राज्यमा जन्मेको र नेपाल राज्य भित्र आफ्ना स्थायी बासस्थान कायम गर्ने उद्देश्य लिई स-परिवार बसोबास गर्ने मानिस यहाँको आदिवासी ठहर्छ ।

**दफा ३** :- नेपाल राज्यको कानून र रीति बमोजिम नेपाली नागरिकको साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएकी स्वास्नी मानिस नेपाली नागरिक ठहर्छे ।

**दफा ४** :- तल लेखिएका कुनै श्रेणीका मानिसले नियममा तोकिएका अधिकारीलाई आवेदनपत्र दिई नेपालको नागरिकता प्राप्त गर्न सक्छ ।

(क) नेपालमा जन्मेको वा विदेशमा घरवास भएपछि त्यहाको नागरिकता नपाएका नेपाली आमाबाबुबाट विदेशमा जन्मेका केटाकेटीहरु ।

(ख) नेपाली नागरिक आमाबाबुबाट जन्मेका स्वास्नीमानिसको विदेशी मानिससंग दफा ३ मा लेखिए बमोजिम वैवाहिक सम्बन्ध कायम भएपछि लोग्ने मरी वा वैवाहिक सम्बन्ध तोडिएपछि अथवा पारपाचुके भएपछि वा पोइले हेरचाह नगरि परित्यक्त भएमा वा अलग भएमा ।
(ग) नेपाल छाडी विदेशमा गई बसोवास गरि विदेशी मुलुकको नागरिकता लिएका र तिनको साथमा विदेश गएका सन्तान समेतलाई नेपाल राज्य क्षेत्रमा आइ लगातार बसेको एक बर्ष पछि ।
(घ) जसले नेपाल राज्यमा कमसेकम पाँच बर्ष देखि बस्ने गरेको हो ।

**दफा ५** :- नेपाली नागरिक हुने मानिसलाई तल लेखिए बमोजिम धर्म भकाई मात्र इजाजत पत्र दिइनेछ ।

" म सपथ लिन्छु कि नेपाल सरकारको अधिपत्य स्वीकार गरि नेपाल कानून र रीतिरिवाज बमोजिम यहँ बसौंला र नेपाल राष्ट्रको वर्खिलाप कुनै काम गर्ने छैन । "

**दफा ६** :- नेपाली नागरिक हुने इजाजतपत्र पाएका मानिसहरुको सो इजाजतपत्र पाएको मिति देखि सबै हक दावी र जवाफदेही समेत नेपाली नागरिक सरह नै हुनेछ र नेपालका नागरिक ठहर्ने छन् ।

**दफा ७** :- नागरिकताको अधिकार नपाउने मानिसले झुट्टा बयान दिई फरेवद्धारा नागरिकताको अधिकार पाएको ठहरेमा सरकारले निजको सो अधिकार बदर गरि तजविजी रु. १०००।- (एक हजार) सम्म दण्ड समेत गर्नेछ ।

**दफा ८** :- कुनै नेपालीले विदेशको नागरिकता पाए पछि निज नेपालको पनि नागरिक भइरहन सक्दैन ।

**दफा ९** :- प्रधानमन्त्री, मन्त्री र प्रधान सेनापतिको उत्तरदायीत्वपूर्ण पदहरु नागरिकता पाएको १० बर्ष सम्म कसैले पाउने छैन ।

**दफा १०** :- भोट सरकारसंग भएको सन्धी र शर्त बमोजिम नेपाली लोग्ने मानिस भोटमा रहेका वखत भोटीनी स्वास्नीबाट जन्मेका छोराहरु नेपाली नागरिक र छोरीहरु भोटको नागरिक ठहर्छन ।

**दफा ११** :- नागरिकताको अधिकार प्राप्त गर्ने बिषयका आवेदनहरु र त्यस सम्बन्धी कारवाहीका निमित्त सरकारले नियमहरु बनाउन सक्दछ ।[११]

### ५.१.२ नेपालको नागरिकता नियम २००९

नेपाल नागरिकता ऐन २००९ ले दिएको अधिकार प्रयोग गरि जारि गरिएको नेपाल नागरिकता नियम २००९ ले नागरिकता सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको पाइन्छ ।

**नियम २** :- नेपाली नागरिक हुन इच्छा हुने मानिसले नेपालको बासिन्दा भई घरवार गरि नेपाली नागरिक भई वस्न पाउं भनि सदरमा पुलिस गोश्वारामा र मोफसलमा भए गौंडा, गढी गोश्वारामा दरखास्त गरे भने सो दरखास्तको व्यहोरा सांचो हो होइन सो समेत राम्रो हिसावसंग बुझी नागरिक भई बस्न दिन हुने ठहरेमा नागरिक हुन इजाजत दिने ।

**नियम ३ :-** नागरिक हुन इजाजत पाउनेहरुलाई कुन मिति देखि सो इजाजत कायम हुने सो समेत खुलाई इजाजत पत्रको आदेश दिनु । सदरमा भए पुलिस गोश्वारामा र मोफसलमा भए गौंडा गढी गोश्वारामा निजहरुको लगत किताव खडा गरि राखि बरबुझारथमा पनि चढाउने गर्नु ।

---

[११] नेपाल नागरिकता ऐन २००९, (२००९) , काठमाण्डौ : नेपाल सरकार , पृष्ठ १ देखि ५ ।

**नियम ४ :-** नेपाल नागरिकता ऐन २००९ को दफा ७ बमोजिम नागरिकताको इजाजतपत्र बदर गराउनलाई व्यहोरा समेत खुलाई निकासा दिनु ।

**नियम ५ :-** माथि नियम ४ बमोजिम इजाजतपत्र बदर भएकोमा त्यस्तालाई ३५ दिन भित्र निजले पाएको इजाजतपत्र फिर्ता गरि लगतबाट नाम कटाउन आउनु भन्ने व्यहोरा लगत राख्ने अड्डैको म्यादी पुर्जा पाए पछि म्याद भित्र सो बमोजिम नगरि सो इजाजतपत्र फिर्ता दाखिला हुन नसके पनि लगत काट्न अड्कदैन सो व्यहोरा जनाई लगत काटिदिनु ।[१२]

### ५.१.३ नेपालको संविधान २०१९

नेपालको संविधान २०१९ को भाग २ को धारा ७ मा नागरिकता सम्बन्धी देहाय वमोजिमको व्यवस्था गरिएको देखिन्छ । नेपालमा स्थायी वासस्थान भएको तल लेखिए बमोजिमको व्यक्ति नेपालको संविधान २०१९ प्रारम्भ हुंदाका बखत नेपालको नागरिक ठहर्ने छ ।

(क) जो नेपालमा जन्मेको हो ।
(ख) जसको आमाबाबुमा एक जना नेपालमा जन्मेको हो ।
(ग) नेपालको कानून र रीत बमोजिम नेपालको नागरिकका साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएकी स्वास्नी मानिस ।
(घ) नेपालको कानून बमोजिम नेपाल नागरिकताको प्रमाणपत्र लिइसकेको व्यक्ति ।

नेपालको संविधान २०१९ ले अंगीकृत नागरिकता सम्बन्धी केही व्यवस्था गरेको पाइन्छ । संविधानले विदेशीहरुलाई नेपालको नागरिकताको प्राप्ति अन्य कुराका अतिरिक्त देहायका कुराका आधारमा हुन सक्ने गरि कानूनद्धारा व्यवस्था गर्न सकिनेछ भनि नागरिकता प्राप्तिका आधारहरु तोकेको छ जो निम्न छन् :-

(क) नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको,
(ख) नेपालमा कुनै व्यवसाय गरिबसेको,
(ग) अन्य राज्यको नागरिकता त्यागेको, र
(घ) कम्तिमा पन्ध्र बर्ष सम्म नेपालमा बसोवास गरेको ।

तर नेपालको नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारवाही चलाए पछि र नेपालको नागरिकता प्राप्त गर्न सक्ने र अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने व्यवस्था गरेको देखिन्छ । त्यसैगरि नेपालको संविधान २०१९ मा नागरिकताको समाप्तिको आधार पनि व्यवस्था भएको पाइन्छ । संविधानमा व्यवस्था भएअनुसार कुनै पनि व्यक्तिको नेपाली नागरिकता देहायको आधारमा समाप्ति हुन्थ्यो ।

(क) नेपालका विरुद्ध हातहतियार उठाएको वा उठाउने कुचेष्टा गरेको वा राज्यका विरुद्ध अन्य अपराध गरेको वा
(ख) युद्धको समयमा वा अन्य संकट कालीन अवस्थामा कानून द्धारा निर्धारण गरिए अनुसार राज्यको सेवा नगरेको वा गर्न नखोजेको ।[१३]

---

[१२] नेपालको नागरिकता नियम २००९, (२००९) , काठमाण्डौ : नेपाल सरकार , पृष्ठ १ देखि २ ।

[१३] नेपालको संविधान २०१९, (२०१९), काठमाण्डौ : श्री ५ को सरकार कानून तथा न्याााय मन्त्रालय, पृष्ठ २ देखि ३ ।

### ५.१.४ नेपाल नागरिकता ऐन २०२०

यस ऐनमा निम्न अनुसारको प्रावधान राखिएको थियो ।

**दफा ३ :- वंशजको नाताले नेपाली नागरिकताको प्राप्ति** :

(१) यो ऐन प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुंदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।

(४) नेपाल अधिराज्यभित्र फेला परेको पितृत्वको ठेगाना नभएको प्रत्येक नावालक निजको बाबुको पत्ता नलागे सम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ ।

(५) बाबुको मृत्यु भएको मनासिव माफिकको अवधि भित्र जन्मेको नाबालकको नागरिकता कायम गर्दा निज बाबुको मृत्युको अवस्थामा जे जस्तो हैसियत थियो सोही वमोजिमको हैसियत कायम रहेको मानिनेछ ।

**दफा ६ :- अंगीकृत नेपाली नागरिकताको प्राप्ति :**

नाबालक वा बौलाएको व्यक्ति बाहेक कुनै विदेशी नागरिकले देहायको शर्त तथा अवस्था पुरा गरिसकेको भए नेपालको नागरिकता प्राप्त गर्न तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ :

(क) नेपालको राष्ट्र भाषा बोल्न र लेख्न जानेको ।
(ख) नेपालमा कुनै व्यवसाय गरिबसेको ।
(ग) अन्य राज्यको नागरिकता त्यागेको ।
(घ) कम्तिमा पन्ध्र बर्ष सम्म नेपालमा बसोवास गरेको ।
(ङ) नेपालको नागरिकलाई अंगीकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको र
(च) असल चाल चलन भएको ।

**६ (क) सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने:**

(१) दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको सिफारिसमा विशेष ख्याति प्राप्त कुनै व्यक्तिलाई श्री ५ बाट सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिबक्सनेछ ।

(२) उपदफा (१) बमोजिम सम्मानार्थ नेपालको नागरिकता प्रदान गरिएको व्यक्ति नेपालको अंगीकृत नागरिक सरह हुनेछ ।

**७. क्षेत्र गाभिदाको नागरिकता :**

नेपाल भित्र गाभिने गरिकुनै क्षेत्र प्राप्त भएमा त्यस क्षेत्र भित्र बसोवास गर्ने व्यक्ति यस ऐनका अधिनमा रहि श्री ५ को सरकारले सूचना प्रकाशित गरि तोकिदिए बमोजिम सूचनामा तोकिदिएका मिति देखि नेपालको नागरिक मानिनेछ ।[१४]

---

[१४] नेपाल नागरिकता ऐन २०२०, (२०२०), काठमाण्डौ : श्री ५ को सरकार कानून तथा न्यााय मन्त्रालय, कानून किताव व्यवस्था समिति, पृष्ठ १ देखि ४ ।

### ५.१.५ नेपाल अधिराज्यको संविधान २०४७

नेपाल अधिराज्यको संविधान २०४७ को भाग २ को धारा ८, ९ र १० मा नागरिकता सम्बन्धी निम्नानुसारको व्यवस्था गरिएको थियो ।

**धारा ८ :- संविधान प्रारम्भ हुंदाका बखतको नागरिकता :**

नेपालमा स्थायी वसोबास भएका देहायका व्यक्तिहरु यो संविधान प्रारम्भ हुंदाका बखत नेपालका नागरिक ठहर्ने छन् ।

(१) नेपालको संविधान (२०१९) को धारा ७ वा नेपाल नागरिकता ऐन २०२० को दफा ३ वमोजिम नेपालका नागरिक ठहर्ने व्यक्तिहरु,

(२) नेपाल नागरिकता ऐन, २०२० को दफा ६ वमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त भएका व्यक्तिहरु ।

**धारा ९ :- संविधान प्रारम्भ भएपछि नागरिकताको प्राप्ति :**

(१) यो सविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुंदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।

(२) नेपाल अधिराज्य भित्र फेला परेको पितृत्वको ठेगाना नभएको प्रत्येक नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ ।

(३) नेपाल अधिराज्यमा गाभिने गरि कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्र भित्र बसोवास भएको व्यक्ति प्रचलित कानूनका अधिनमा रहि नेपालको नागरिक हुनेछ ।

(४) यो संविधान प्रारम्भ भएपछि विदेशीलाई नेपालको नागरिकताको प्राप्ति अन्य कुराको अतिरिक्त देहायका कुराका आधारमा हुन सक्ने गरि कानूनद्धारा व्यवस्था गर्न सकिनेछ :-

(क) नेपालको राष्ट्र भाषा बोल्न र लेख्न जानेको,
(ख) नेपालमा कुनै व्यवसाय गरिबसेको,
(ग) अन्य राज्यको नागरिकता त्यागेको र
(घ) कम्तिमा पन्ध्र वर्ष सम्म नेपालमा बसोवास गरेको ।

(५) उपधारा (४) मा जुनसकै कुरा लेखिएको भए तापनि नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदशी महिलाले विदेशको नागरिकता त्याग्ने कारवाही चलाएपछि र नेपालको नागरिकता त्यागी विदेश गएको व्यक्तिले विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।

(६) उपधारा (४) को खण्ड (ख) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको नागरिकको छोरा छोरी वा वंशजको हकमा त्यस्तो व्यक्तिले नेपालमा दुई वर्षसम्म बसोबास गरेको भए कानूनद्धारा निर्धारित अवस्था र शर्तमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ । तर अंगीकृत नागरिकको सन्तानको हकमा यो उपधारा लागु हुने छैन ।

**धारा १० :- सम्मानार्थ नागरिकता प्रदान गर्न सकिने :**

धारा ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिनेछ ।[१५]

### ५.१.६ नेपाल नागरिकता नियमावली २०४९

यो नियमावली २०४९।२।२५ मा जारि गरिएको थियो र यसमा भएका मुख्य प्रावधानहरु निम्नानुसार रहेका देखिन्छन् ।

**नेपाली नागरिकलाई प्रमाण दिने :**

(१) नेपालको कुनै नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा सम्बन्धित जिल्ला विकास समितिको सभापति वा उप-सभापति, नगरपालिकाको प्रमुख वा उप-प्रमुख, गा.वि.स.को अध्यक्ष वा उपाध्यक्ष वा श्री ५ को सरकारको वहालवाला राजपत्रांकित वा राजप्रासाद सेवाका अधिकृतको सिफारिस साथ सम्बन्धित प्र.जि.अ.समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम सिफारिस गर्ने व्यक्तिले आवश्यक ठानेमा निवेदकसंग निजको बसोवास भएको वा निज बसोवास गरिआएको वडाबाट निर्वाचित गाउं विकास समिति वा नगरपालिकाको सदस्यको सिफारिस माग गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदन पत्र प्राप्त भएपछि प्र.जि.अ.ले आवश्यक जांचबुझ गरि निवेदक नेपालको नागरिक हो भन्ने देखेमा निजलाई अनुसूची-२ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र दिनेछ ।

उपनियम (३) को प्रयोजनको लागि प्र.जि.अ.ले देहायका कुरालाई समेत आधार लिन सक्नेछ ।

(क) कुनै अदालत वा सरकारी कार्यालयमा कानूनले राख्नु पर्ने स्याहा श्रेस्ता वा कागजपत्रमा त्यस्तो व्यक्तिको नाम, जन्मस्थान वा वैवाहिक सम्बन्ध सम्बन्धी कुराहरु उल्लेख गरेको लिखत ।

(ख) कुनै अदालत, सरकारी कार्यालय, सरकारी अधिकारी वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त कुनै व्यक्तिबाट प्रकाशन भएको वा तयार गरिएको लिखतमा त्यस्तो व्यक्तिको नाम, जन्म स्थान, स्थायी वासस्थान वा बैवाहिक सम्बन्ध सम्बन्धी कुराहरु उल्लेख गरेको लिखत ।[१६]

### ५.१.७ नेपालको अन्तरिम संविधान २०६३

यो संविधानको भाग २ को धारा ८, ९, १० र ११ मा नागरिकता सम्बन्धी देहाय बमोजिमको व्यवस्था गरिएको छ ।
**धारा ८ :- संविधान प्रारम्भ हुंदाका बखतको नागरिकता :**

(१) यो संविधान प्रारम्भ हुंदाका बखत नागरिकता प्राप्त गरेको र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालका नागरिक हुनेछन् ।

(२) यो संविधान प्रारम्भ हुंदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहरिनेछ ।

---

[१५] नेपाल अधिराज्यको संविधान २०४७, (२०४७) काठमाण्डौ : श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालय, कानून किताव व्यवस्था समिति, पृष्ठ ५ देखि ६ ।

[१६] नेपाल नागरिकता नियमावली २०४९, (२०४९), काठमाण्डौ : श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, कानून किताव व्यवस्था समिति, पृष्ठ १ देखि ३ ।

(क) यो संविधान प्रारम्भ हुनु भन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति ।

(ख) कुनै व्यक्तिको जन्म हुदाको बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगाना नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरे सम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ ।

(४) नेपाल भित्र गाभिने गरि कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोवास भएको व्यक्ति प्रचलित कानूनका अधिनमा रहि नेपालका नागरिक हुनेछ ।

(५) संवत २०४६ साल चैत्र मसान्त सम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रुपले बसोवास गर्दै आएको व्यक्तिले प्रचलित कानून बमोजिम जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ । तर यस व्यवस्था अन्तरगत नागरिकता प्राप्त गर्न प्रचलित कानूनमा व्यवस्था भए बमोजिम एक पटकका लागि तोकिएको अवधिभित्र निवेदन दिईसकेको हुनुपर्नेछ ।

(६) नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानून बमोजिम अंगीकृत नेपाली नागरिकता लिन सक्नेछ ।

(७) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसंग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निजको नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहनेछ भने निजले प्रचलित कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।

**धारा ९ :- अंगीकृत वा सम्मानार्थ नागरिकता :** धारा ८ मा लेखिए बाहेक कानूनमा व्यवस्था भए बमोजिम नेपाल सरकारले अंगीकृत वा सम्मानार्थ नेपाली नागरिकता प्रदान गर्न सक्नेछ ।

**धारा १० :- नागरिकता प्राप्ति र समाप्ति :** नागरिकताको प्राप्ति र समाप्ति लगायत आवश्यक अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**धारा ११:- नागरिकता टोली खटाइने :** नेपाल सरकारले प्रचलित कानूनमा व्यवस्था भए बमोजिम नागरिकता पाउन योग्यता पुगेका व्यक्तिलाई नागरिकता प्रदान गर्न नागरिकता वितरणटोली खटाउन सक्नेछ ।[१७]

### ५.१.८ नेपाल नागरिकता ऐन, २०६३

नेपाल नागरिकता ऐन २०६३ मिति २०६३।८।१० मा जारि भइ हालसम्म कार्यान्वयनमा रहिआएको छ । यस ऐनमा भएका मुख्य-मुख्य प्रावधानहरुलाई तल उल्लेख गरिएको छ ।

**दफा ३ :- वंशजको नाताले नेपाली नागरिकताको प्राप्ति :**

(१) कुनै व्यक्तिको जन्म हुदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसंग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा दफा ५ को उपदफा २ बमोजिम हुने छ ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नावालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिने छ ।[१८]

---

[१७] नेपालको अन्तरिम संविधान २०६३, (२०६३), काठमाण्डौ :नेपाल सरकार कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानून किताव व्यवस्था समिति, पृष्ठ ३ देखि ४ ।

**दफा ४:- जन्मको आधारमा नेपाली नागरिकता प्राप्ति :**

(१) सम्वत् २०४६ साल चैत्र मसान्त सम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रुपले बसोवास गर्दै आएको व्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुनेछ ।

(२) उपदफा (१) बमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधान सभाको निर्वाचन हुनु अगावै निवेदन दिने र नागरिकताको प्रमाणपत्र प्रदान गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधि भित्र विशेष कारणबश निवेदन दिन नसक्ने व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले दुई वर्ष भित्र तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।[१९]

**दफा ५:- अंगीकृत नेपाली नागरिकता प्राप्ति :**

(१) नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ । त्यसरी निवेदन दिंदा नेपाली नागरिकसंग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारवाही चलाएको निस्सा पनि साथै पेश गर्नु पर्नेछ ।

(२) विदेशी नागरिकसंग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अंगीकृत नागरिकता प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम अंगीकृत नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले देहायका कागजात संलग्न गरि तोकिएको अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित गाउं विकास समिति वा नगरपालिकाको सिफारिस,
(ग) बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको निस्सा ।

(४) देहायका शर्त र अवस्था पूरा गरिसकेका विदेशी नागरिक मध्ये विज्ञान, दर्शनशास्त्र, कला, साहित्य, विश्वशान्ति, मानव कल्याण वा नेपालको औद्योगिक, आर्थिक वा सामाजिक उन्नतिमा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने भनि मनासिव आधारमा नेपाल सरकारले ठहऱ्याएको व्यक्तिलाई तोकिए बमोजिम अंगीकृत नेपाली नागरिकता प्रदान गर्न सकिनेछ ।

(क) नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको,
(ख) नेपालमा कुनै व्यवसाय गरिबसेको,
(ग) अन्य मुलुकको नागरिकता त्यागेको वा त्याग्ने घोषणा गरेको,
(घ) कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोबास गरेको,
(ङ) नेपाली नागरिकलाई अंगीकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको ,
(च) असल चालचलन भएको,
(ट) मानसिक रुपले स्वस्थ भएको ।

---

[१८] नेपाल नागरिकता ऐन २०६३, (२०६३), काठमाण्डौ : नेपाल सरकार कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानून किताव व्यवस्था समिति, पृष्ठ १ ।
[१९] ऐजन पृष्ठ २ ।

(५)	उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अंगीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तान मध्ये निजले सो नागरिकता प्राप्त गर्नु भन्दा पहिले जन्मेको सन्तानले तोकिए बमोजिम अंगीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।

(६)	यस दफा बमोजिम अंगीकृत नेपाली नागरिकता पाउने व्यक्तिलाई अनुसूची बमोजिमको शपथग्रहण गराई तोकिएको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ र त्यस्तो प्रमाणपत्र पाएको मिति देखि त्यस्तो व्यक्ति नेपालको अंगीकृत नागरिक हुनेछ ।[२०]

**दफा ६ :- सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने :**
दफा ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सक्नेछ ।[२१]

**दफा ७ :- क्षेत्र गाभिदाको नागरिकताः**

नेपाल भित्र गाभिने गरि कुनै क्षेत्र प्राप्त भएमा त्यस क्षेत्रभित्रको व्यक्ति यस ऐनको अधिनमा रहि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरि तोकिदिए बमोजिम सोही सूचनामा तोकेको मितिदेखि नेपालको नागरिक मानिनेछ ।[२२]

**दफा ८ :-नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि निवेदन दिनुपर्नेः**

(१)	दफा ३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारी समक्ष देहायका कागजातका प्रतिलिपि संलग्न राखि निवेदन दिनु पर्नेछ :

(क)	बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,

तर, विदेशी नागरिकसंग विवाह गरेकी नेपाली नागरिक महिलाको हकमा यो व्यवस्था लागू हुने छैन् ।

(ख)	जन्मस्थान र नाता खुल्ने गरि गाउं विकास समिति वा नगरपालिकाले गरिदिएको सिफारिस ।

(२)	दफा ४ बमोजिम जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारी समक्ष देहायका कागजातको प्रतिलिपि संलग्न राखि निवेदन दिनुपर्नेछ :

(क)	निजको जन्म नेपालमा भएको र नेपालमा स्थायी रुपमा बसोबास गर्दै आएको व्यहोरा खुल्ने गरि सम्बन्धित गाउं विकास समिति वा नगरपालिकाले गरिदिएको सिफारिस,
(ख)	आफ्नो वा परिवारको नामको जग्गाधनी दर्ता प्रमाण पूर्जा वा मोहियानी हकको प्रमाणपत्र वा घरधुरी प्रमाण निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलिमा निजको वा निजको बाबु वा आमाको नाम समावेश भएको प्रमाण ।

---

[२०] ऐजन पृष्ठ २ र ३ ।
[२१] ऐजन पृष्ठ ३ ।
[२२] ऐजन ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि तोकिएको अधिकारीले प्राप्त प्रमाणका आधारमा छानविन गरी निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिईनेछ ।

(४) कुनै व्यक्तिले उपदफा (१) वा (२) बमोजिमका प्रमाणहरु निवेदन साथ पेश गर्न नसकेको अवस्थामा तोकिएको अधिकारीले स्थलगत सर्जमिन र निवेदकलाई चिन्ने सोही वडामा बसोबास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकताको प्रमाणपत्र लिइसकेका व्यक्तिले सर्जमिनस्थलमै गरेको सनाखतको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम स्थलगत सर्जमिन गर्दा निवेदक नेपालमा जन्म भई निरन्तर रुपमा स्थायी बसोबास भएको तथ्य स्पष्ट रुपमा उल्लेख भएको हुनू पर्नेछ ।

(६) उपदफा (३) वा (४) बमोजिम स्थलगत सर्जमिन गर्दा कुनै निवेदक नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य नदेखिएमा तोकिएको अवधिभित्र सोही व्यहोराको निर्णय गरी निजलाई सोको जानकारी दिनु पर्नेछ ।[२३]

**दफा ९ :- नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार:** वंशजको नाताले, जन्मको आधारमा वा अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।[२४]

**दफा १० :- नेपाली नागरिकता कायम नरहने:**

(१) नेपालको कुनै नागरिकले आफुखुशी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहने छैन ।

(२) नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न तोकिए बमोजिम सूचना गरेपछि तोकिएको अधिकारीले त्यस्तो सूचना दर्ता गर्नेछ र त्यसरी दर्ता गरिएको मितिदेखि निजको नेपाली नागरिकता कायम रहने छैन् ।

(३) दफा १४ बमोजिम कुनै व्यक्तिलाई नेपाली नागरिकताबाट हटाइएकोमा त्यसरी हटाइएको मितिदेखि त्यस्तो व्यक्तिको नेपाली नागरिकता कायम रहने छैन् ।

(४) कुनै व्यक्तिलाई एकैसाथ नेपालको र विदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोह्र वर्ष उमेर पुगेको दुई वर्षभित्र कुनै एक मुलुकको नागरिकता रोज्नु पर्नेछ । त्यसरी नागरिकता नरोजेको अवस्थामा सो म्याद नाघेपछि निजको नेपाली नागरिकता कायम रहने छैन् ।

(५) नेपालको नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको छ वा छैन भन्ने प्रश्न उठेमा तोकिएको अधिकारीले प्रचलित कानून बमोजिम निर्णय गर्नेछ ।[२५]

**दफा ११ :-पुनःनेपाली नागरिकता कायम हुने:** कुनै नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि पुनःनेपालमा आई बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएमा त्यस्तो निस्सा दर्ता भएको मितिदेखि निजको नेपाली नागरिकता पुनःकायम हुनेछ ।[२६]

---

[२३] ऐजन पृष्ठ ३ र ४ ।

[२४] ऐजन पृष्ठ ४ ।

[२५] ऐजन पृष्ठ ४ र ५ ।

[२६] ऐजन पृष्ठ ५ ।

**दफा १२ :- नागरिकताको प्रमाणपत्र रद्द गर्ने:** कुनै नेपाली नागरिकले झुठो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा तोकिएको अधिकारीले त्यस्तो नागरिकताको प्रमाणपत्र रद्द हुनेछ ।[२७]
**दफा १३ :- दोहोरो नागरिकताको प्रमाण लिन नहुने:** कसैले पनि एक भन्दा बढि नागरिकताको प्रमाणपत्र लिन हुदैंन ।[२८]

**दफा १४ :- नेपाली नागरिकताबाट हटाउने:**

(१) कुनै विदेशी व्यक्तिले झुठोविवरण वा वयान दिई नेपाली नागरिक हो भनि झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा नेपाल सरकारले निजको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरि निजलाई नेपाली नागरिकबाट हटाउने आदेश दिनेछ ।
(२) यस दफा बमोजिम नेपाल सरकारले कुनै व्यक्तिलाई नेपालको नागरिकताबाट हटाउने गरि दिएको आदेशउपर पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।[२९]

**दफा १५ :- नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने:** नेपाली नागरिकताको प्रमाणपत्रको
अभिलेख राख्ने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।[३०]

**दफा १६ :- अधिकार,कर्तव्य र दायित्व लोप नहुने:** कुनै कारणबाट कसैको नेपाली नागरिकता समाप्त भएमा नेपालको नागरिक रहेका वखत निजले गरेको कुनै कार्यको सम्बन्धमा निजको अधिकार, कर्तव्य र दायित्व त्यसरी नागरिकता समाप्त भएको व्यहोरा खुलाई तोकिएको अधिकारी समक्ष दिनुपर्नेछ ।[३१]

**दफा १७ :- विवरण सच्याउने:**

(१) कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा रहेको नाम, थर, उमेर, वतन वा अन्य विवरण गल्ती भई सच्याउन चाहेमा भएको व्यहोरा खुलाई तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेपछि सम्बन्धित अधिकारीले निजसंग भएको सवुद प्रमाण र आवश्यकता अनुसार साक्षी सर्जमिन समेत बुझी त्यस्तो विवरण सच्याई पहिले लिएको नागरिकताको प्रमाणपत्र खिचि अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।

(३) विवाह वा सम्बन्ध विच्छेद भएकी महिलाले थर, वतन वा अन्य विवरण संशोधन गर्न निवेदन दिएमा तोकिएको अधिकारीले आवश्यक कुरा बुझी पहिले र्लिएको नागरिकताको प्रमाणपत्र खिचि थर, वतन वा विवरण संशोधन गरि अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।[३२]

---

[२७] ऐजन ।
[२८] ऐजन ।
[२९] ऐजन ।
[३०] ऐजन ।
[३१] ऐजन ।
[३२] ऐजन पृष्ठ ५ र ६ ।

**दफा १८ :- दोहोऱ्याई हेर्नेः**

(१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक कुनै अधिकारीले यो ऐन बमोजिम दिएको आदेशबाट मर्का पर्ने व्यक्तिले त्यस्तो आदेश उपर दोहोऱ्याई हेरियोस् भनि त्यस्तो आदेश भएको भएको मितिले पैंतिस दिनभित्र नेपाल सरकार समक्ष निवेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि आदेश दिने अधिकारीसंग प्रतिवेदन लिई सो प्रतिवेदन समेतको विचार गरि नेपाल सरकारले आफ्नो निर्णय वा आदेश दिन सक्नेछ र सो निर्णय वा आदेश अन्तिम हुनेछ ।[३३]

**दफा १९ :- नामावली प्रकाशनः** दफा १४ बमोजिम नेपाली नागरिकताबाट हटाईएका व्यक्तिहरुको नामावली प्रत्येक वर्ष नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।[३४]

**दफा २० :- अधिकार प्रत्यायोजनः**

(१) नेपाल सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार नेपाल सरकारको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर, दफा १४ बमोजिम नेपाली नागरिकताबाट हटाउने अधिकार प्रत्यायोजन हुने छैन ।

(२) यस ऐन बमोजिम नागरिकताको प्रमाणपत्र वितरणगर्न तोकिएको अधिकारीले आफुलाई प्राप्त अधिकार कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।[३५]

**दफा २१ :- दण्ड सजायको व्यवस्थाः** प्रचलित ऐन, नियम विपरित नागरिकता वितरण गर्नेलाई देहाय वमोजिम सजायको व्यवस्था गरिएको पाइन्छ ।[३६]

| | |
|---|---|
| झुठो विवरण दिई विदेशीले नागरिकता लिएमा | १ वर्ष देखि ५ वर्ष सम्म कैद वा रु. ५० हजार देखि रु.१ लाख सम्म जरिवाना वा दुवै सजाय |
| विदेशीलाई नागरिकता दिलाउने कार्यमा सनाखत गरेमा वा सिफारिस गरेमा | ६ महिना देखि ३ वर्ष सम्म कैद वा रु.२५ हजार देखि रु.५० हजार सम्म जरिवाना वा दुवै सजाय |
| झुठो वा किर्ते नागरिकता प्रमाणपत्र तयार गरेमा | १ वर्ष देखि ५ वर्ष सम्म कैद वा रु.२० हजार देखि रु.१ लाख सम्म जरिवाना वा दुवै सजाय |
| नागरिकताको विवरण आफू खुसी सच्याएमा | ३ महिना सम्म कैद वा रु.१० हजार सम्म जरिवाना वा दुवै सजाय |
| नेपाली नागरिकले झुठो विवरण दिएमा | रु.१५ हजार सम्म जरिवाना |
| नागरिकता सम्वन्धि ऐन, नियमको वर्खिलाप कार्य गरेमा | रु.१५ हजार सम्म जरिवाना |
| | |

[३३] ऐजन पृष्ठ ६ ।

[३४] ऐजन ।

[३५] ऐजन ।

[३६] ऐजन पृष्ठ ६ र ७ ।

| | |
|---|---|
| कर्मचारीले बदनियत पुर्वक नागरिकता दिएमा वा सच्याएमा | विभागीय कारवाही |
| मतियारलाई | मुख्य कसुरदारलाई हुने दण्ड सजायको आधा |

**दफा २२ :- नागरिकता टोली खटाउन सक्ने :**

(१) नेपाल सरकारले आबश्यक देखेमा नागरिकताको प्रमाणपत्र वितरणगर्नको लागि नागरिकता प्रमाणपत्र वितरण टोलि खटाउन सक्नेछ।[३७]

## ५.१.९ नेपाल नागरिकता नियमावली, २०६३

नेपाल नागरिकता नियमावली, २०६३ मिति २०६३।८।२९ गते जारि भएको हो । यस नियमावलीमा भएका महत्वपूर्ण प्रावधानहरु तल लेखिएको छ ।

**नियम ३ :- वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि :**

(१) वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र बर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष देहायका कागजात संलग्न राखी अनूसूची-१ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ :-

(क) बाबु वा आमा वा आफ्ना वंशज तर्फका घ पुस्ता भित्रका नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,
(ख) जन्मस्थान र नाता खुल्ने गरि सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र,
(ग) खण्ड (क) बमोजिम तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त नातेदारसंगको नाता खुल्ने नाता प्रमाणित पत्र,

(२) उपनियम (१) बमोजिमका प्रमाण निवेदनसाथ पेश गर्न नसक्ने नेपाली नागरिकलाई देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिनेछ :-

(क) निवेदकका बाबु वा आमा नेपाली नागरिक भएकोले निज वंशजको नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भई निरन्तर रुपमा नेपाल सरहदभित्र स्थायी रुपमा बसोबास गरिआएको व्यहोरा खुल्ने गरि स्थानीय निकायका प्रतिनिधिको रोहवरमा अनुसूची ३ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरुले गरिदिएको स्थलगत सर्जमिन,
(ख) सम्बन्धित वडामा बसोबास गर्ने तीन जना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले अनुसूची -४ बमोजिमको ढाँचामा सर्जमिन स्थलमै गरिदिएको सनाखत ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगाना नभएका नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र बर्ष उमेर पूरा भएको व्यक्तिले देहायका कागजात संलग्न राखि अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :

[३७] ऐजन, पृष्ठ ७।

(क) नेपाल सरकारबाट स्वीकृति प्राप्त बालमन्दिर वा अनाथ बालबालिका संरक्षण गर्ने संघसंस्था वा अनाथलयको संरक्षणमा हुर्के बढेको भए त्यस्तो संस्थाको सिफारिस,

(ख) कुनै व्यक्ति विशेषले प्रचलित कानून बमोजिम संरक्षकत्व प्राप्त गरि पालनपोषण गरेको भए पालनपोषण गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) खण्ड (क) बमोजिमको संस्थामा पालनपोषण गर्ने संस्थाका प्रमुखबाट गरिदिएको सनाखत वा खण्ड (ख) बमोजिम पालनपोषण गर्ने व्यक्तिले गरिदिएको सनाखत ।

(४) उपनियम (३) बमोजिम निवेदकको पितृत्व वा मातृत्वको सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा आवश्यकता अनुसार स्थानीय निकायको सिफारिस वा प्रहरी प्रतिवेदन माग गर्न सकिनेछ ।

(५) उपनियम (१) वा (३) बमोजिम प्राप्त निवेदन उपर छानविन गर्दा निवेदक वंशजको नाताले नागरिकताको प्रमणपत्र पाउन योग्य देखिएमा निजलाई वंशजको नाताले नागरिकताको प्रमाणपत्र जारि गर्न सकिनेछ ।

(६) पितृत्व मातृत्वको ठेगान नभएको व्यक्तिको नागरिकताको प्रमाणपत्रमा बाबु वा आमाको नाम उल्लेख हुनु पर्ने स्थानमा पितृत्व मातृत्वको ठेगान नभएको व्यहोरा जनाई संरक्षकको नाम, थर र ठेगाना उल्लेख गर्नुपर्नेछ ।

(७) यो नियम प्रारम्भ हुनु भन्दा अघि समय-समयमा खटिएका नागरिकता टोलीले तयार गरेको दर्ता अभिलेख र वितरणगरेको अस्थायी निस्सालाई समेत आधार लिई नागरिकताको प्रमाणपत्र जारि गर्न सकिनेछ ।

(८) उपनियम (२) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निवेदन दिने व्यक्तिहरुको सूची सोही दिन सार्वजनिक गर्नु पर्नेछ ।[३८]

**नियम ४ :- जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिः**

(१) ऐनको दफा ४ को उपदफा (१) बमोजिम जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष देहायका कागजात संलग्न राखि अनुसूची-१ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ :-

(क) निवेदकको जन्म नेपाल भित्र भएको र निजले निरन्तर नेपालमा स्थायी रुपमाबसोबास गर्दै आएको व्यहोरा खुल्ने गरि सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस,

(ख) आफ्नो वा परिवारको नामको जग्गाधनी दर्ता प्रमाणपूर्जा वा मोहीयानी हकको प्रमाणपत्र वा घरधुरी प्रमाण वा निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीमा निजको वा निजको बाबु वा आमाको नाम समावेश भएको प्रमाण

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि "परिवार" भन्नाले एकाघरका वा छुट्टिई भिन्न बसेका बाबुआमा, सौतेनी आमा, छोरा, अविवाहिता छोरी र छोराबुहारी समेतलाई सम्झनु पर्छ ।

(२) उपनियम (१) बमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधानसभाको निर्वाचन हुनु अगावै प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमका प्रमाण निवेदनसाथ पेश गर्न नसक्ने व्यक्तिलाई ऐनको दफा ८ को उपदफा (४) बमोजिम देहायको कागजातको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारि गर्न सकिनेछ :-

(क) निवेदक नेपालमा जन्म भई निरन्तर रुपमा नेपाल सरहदभित्र स्थायी रुपमा बसोबास गरिआएको व्यहोरा खुल्ने गरि स्थानीय निकायका प्रतिनिधिको रोहवरमा अनुसूची- ५ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरुले गरिदिएको स्थलगत सरजमिन,

---

[३८] नेपाल नागरिकता ऐन तथा नेपाल नागरिकता नियमावली २०६३, (२०६३), काठमाण्डौ कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानून किताव व्यवस्था समिति, पृष्ठ ९ देखि ११ ।

(ख) सम्बन्धित वडामा बसोबास गर्ने नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त तीन जना नेपाली नागरिकले अनुसूची ६ बमोजिमको ढांचामा सर्जमिन स्थलमै गरिदिएको सनाखत । तर नागरिकताको सिफारिस गर्ने वा नागरिकता प्रदान गर्ने अधिकारीलाई सनाखत गर्ने व्यक्तिले शंकास्पद रुपमा सनाखत गरेको लागेमा यस्तो अधिकारीले त्यस उपर थप छानबिन गर्न सक्नेछ ।

(४) ऐनको दफा ४ को उपदफा (३) बमोजिमको समयावधि भित्र प्राप्त भएका निवेदनहरुका सम्बन्धमा त्यस्ता निवेदन दर्ता भएको मितिले एक महिना भित्र प्रमुख जिल्ला अधिकारीले निर्णय गरिसक्नु पर्नेछ ।

(५) उपनियम (१) वा (३) बमोजिम प्राप्त निवेदन उपर छानबिन गर्दा निवेदक जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारि गर्न सकिनेछ ।

(६) उपनियम (३) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निवेदन दिने व्यक्तिहरुको सूची सोही दिन सार्वजनिक गर्नु पर्नेछ ।[३९]

**नियम ५ :- वैवाहिक सम्बन्धको आधारले अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि**

(१) नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा देहायका कागजात संलग्न गरि सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष अनुसूची ७ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(क) नेपाली नागरिकसग भएको वैवाहिक सम्बन्ध खुल्ने गरि सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस,

(ख) निजले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर छानबिन गर्दा निवेदक अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारि गर्न सकिनेछ ।[४०]

**नियम ६ :- निवेदकलाई जानकारी दिनु पर्ने :**

नियम ३ वा ४ बमोजिम प्राप्त निवेदनउपर छानबिन गर्दा कुनै निवेदक नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य नदेखिएमा सात दिनभित्र निर्णय गरि निजलाई सोको जानकारी दिनु पर्नेछ ।[४१]

**नियम ७ :- अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अन्य कार्यविधि :**

(१) विदेशी नागरिकसंग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा देहायका कागजात सहित अनुसूची-७ बमोजिमको ढँचामा प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ

(क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

---

[३९] ऐजन, पृष्ठ ११ र १२ ।

[४०] ऐजन ।

[४१] ऐजन ।

(ख) नेपालमा जन्म भै स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय निकायको सिफारिस,

(ग) बाबुको नागिरकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता नलिएको निस्सा ।

(२) ऐनको दफा ५ को उपदफा (४) मा उल्लिखित शर्त र अवस्था पूरा गरेको कुनै विदेशी नागरिकले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा आफू बसोबास गरिआएको बासस्थानसंग सम्बन्धित स्थानीय निकायको सिफारिससाथ सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची -७ बमोजिमको ढँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले आवश्यक देखेमा सम्बन्धित नगरपालिकाको प्रमुख वा गाउं विकास समितिको अध्यक्षसंग आवश्यक कुराहरु बुझि निवेदकले ऐनको दफा ५ को उपदफा (४) मा उल्लिखित शर्त तथा अवस्था पूरा गरेको देखिएमा आफ्नो रायसहित निवेदन मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदनउपर छानबिन गरि मन्त्रालयले अनुसूची ८ बमोजिमको ढांचामा अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(५) ऐनको दफा ५ को उपदफा (५) बमोजिम अंगीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तानमध्ये निजले सो नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेका सन्तानले अंगीकृत नेपाली नागरिकता प्राप्त गर्न चाहेमा अनुसूची-७ बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्नेछ । निवेदनसाथ नाता प्रमाणित पत्र, बाबु वा आमाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निज नेपालमा बसोबास गरिरहेको व्यहोराको स्थानीय निकायले गरिदिएको सिफारिस संलग्न गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम प्राप्त निवेदनउपर छानबिन गर्दा निवेदक अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारि गर्न सकिनेछ ।[४२]

**नियम ८ :- नागरिकताको प्रमाणपत्र जारि गर्ने अधिकारी :**

(१) वंशजको नाताले, जन्मको आधारमा र वैवाहिक अंगीकृत र अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्तिले त्यस्तो नागरिकताको प्रमाणपत्र प्राप्त गर्नु अघि जन्मिएका निजका सन्तानलाई अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारि गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) प्रमुख जिल्ला अधिकारीले आफूलाई प्राप्त अधिकारमध्ये वंशजको नाताले र जन्मको आधारमा नागरिकता प्रदान गर्ने अधिकार आफ्नो मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि समय-समयमा नेपाल सरकारले नागरिकता वितरणगर्न खटाएका टोली प्रमुखलाई प्रमुख जिल्ला अधिकारीले वंशजको नाताले र जन्मको आधारमा नागरिकताको प्रमाणपत्र जारि गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) उपनियम (१) मा उल्लेख भएदेखि बाहेक अन्य प्रकारको अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र जारि गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

---

[४२] ऐजन, पृष्ठ १२ र १३ ।

(५) ऐनको दफा ६ बमोजिम प्रदान गरिने सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्ने अधिकार नेपाल सरकार, मन्त्रिपरिषद्लाई हुनेछ ।

(६) उपनियम (५) बमोजिम नागरिकता प्रदान गर्ने निर्णय भएपछि मन्त्रालयले सम्मानार्थ नेपाली नागरिकताको प्रमाणपत्र जारि गर्नेछ ।

(७) यस नियमावली बमोजिम नागरिकताको प्रमाणपत्र जारि गर्ने अधिकारीले वंशजको नाताले वा जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारि गर्दा अनुसूची -२ बमोजिम र अंगीकृत नेपाली नागरिकता जारि गर्दा अनुसूची -८ बमोजिमको ढँचामा जारि गर्नुपर्नेछ ।[४३]

**नियम ११ :- पुन : नेपाली नागरिकता कायम गर्ने कार्यविधि :**

(१) ऐनको दफा ११ बमोजिम नेपालको नागरिकता त्यागी विदेश गएको कुनै व्यक्तिले पुन : नेपाली नागरिकता प्राप्त गर्न चाहेमा विदेशको नागरिकता त्यागेको निस्सा सहित निजलाई पहिले नागरिकताको प्रमाणपत्र प्रदान गर्ने मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसमक्ष अनुसूची -११ बमोजिमको अधिकारीले साविककै नागरिकताको विवरण सहितको नेपाली नागरिकताको प्रमाणपत्र जारि गर्नेछ ।[४४]

**नियम १५ :- नागरिकता टोली खटाउन सक्ने :**

(१) ऐनको दफा २२ को उपदफा (१) बमोजिम नेपाल सरकारले नागरिकताको प्रमाणपत्र वितरण गर्न टोली खटाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको टोली खटाउंदा कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी प्रमुख हुने गरि सो टोलीमा निजामती सेवाकै अन्य कर्मचारीहरुलाई खटाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम खटाइएको टोलीले ऐनको दफा २२ को उपदफा (२) बमोजिम नेपाल सरकारले दिएको निर्देशनको अधिनमा रहि नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्नेछ ।

(४) उपनियम (१) बमोजिम खटाइएको टोलीले नेपाली नागरिकताको प्रमाणपत्र नदिने गरि गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले तीस दिनभित्र सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्नेछ । यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको निर्णय अन्तिम हुनेछ ।

(५) नागरिकता प्रमाणपत्र वितरण टोलीले नागरिकता प्रमाणपत्र नलिएका नाबालक र टोली खटिएको समयमा छुट भएका उमेर पुगेका नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरुको विवरण लिई अभिलेख राख्नु पर्नेछ ।[४५]

**नियम १६ :- कर्मचारीको परिवारले नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि :**

(१) कुनै कर्मचारीका परिवारले त्यस्तो कर्मचारी कार्यरत रहेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा देहायका कागजात संलग्न गरि प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची -१ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ :-

---

[४३] ऐजन, पृष्ठ १३ र १४ ।

[४४] ऐजन, पृष्ठ १४ ।

[४५] ऐजन, पृष्ठ १५ ।

(क) बाबु वा आमाको नेपाली नागरिकताको प्रमाणपत्र,
(ख) कर्मचारी वहाल रहेको कार्यालयको सिफारिस,
(ग) विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाह दर्ता प्रमाण ।

(२) उपनियम (१) बमोजिम प्राप्त कागजातका आधारमा नागरिकताको प्रमाणपत्र प्रदान गरि त्यसरी प्रदान गरिएको नागरिकता प्रमाणपत्रको अभिलेख उक्त नागरिकता जारि गर्ने कार्यालयमा राखी सम्बन्धित कर्मचारीको स्थायी ठेगाना भएको जिल्ला प्रशासन कार्यालयलाई समेत जानकारी दिनु पर्नेछ ।

**स्पष्टीकरण :** यस नियमको प्रयोजनको लागि :-

(१) "कर्मचारी" भन्नाले नेपाल सरकारको कोषबाट तलव भत्ता खाने कर्मचारी वा संस्थानका कर्मचारी वा शिक्षक वा प्राध्यापक सम्झनु पर्छ ।

(२) "परिवार" भन्नाले खण्ड (१) मा उल्लिखित कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु, ससुरा समेतलाई जनाउंछ ।[४६]

**५.१.१० नागरिकताको प्रमाणपत्रको प्रतिलिपि जारि गर्दा अपनाउनुपर्ने कार्यविधि** :पहिले लिएको नेपाली नागरिकताको प्रमाणपत्र कुनै कारणबश फाटी, च्यातिई, आगलागी भएमा वा हराएमा, पानीले भिजी नष्ट भएमा वा अन्य कुनै कारणले झुत्रो भई काम नलाग्ने भएमा नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिले पहिले लिएको नागरिकताको प्रतिलिपि माग गर्न सक्नेछ । प्रतिलिपि माग गरेको अवस्थामा देहाय बमोजिमको कार्यविधि अपनाई नागरिकताकोप्रमाणपत्रको प्रतिलिपि जारि गर्नु पर्नेछ ।

(१) पहिले जारि भएको नागरिकता प्रमाणपत्र च्यातिएको वा फाटेको वा सक्कल नभई छाँया प्रति राखि प्रतिलिपि माग गरि निवेदन दिन आएमा कार्यालयको अभिलेख भिडाई दिनुपर्दछ ।

(२) पहिले जारि भएको नागरिकताको प्रमाणपत्रको छाँया प्रति राख्न नसकी सम्बन्धित व्यक्तिको फोटो टाँसी निवेदन पर्न आएमा पहिले जारि भएको अनुसूची र कार्यालय प्रति सुरक्षित भएको अवस्थामा कार्यालयको अभिलेख भिडाई प्रतिलिपि दिनुपर्छ ।

(३) कार्यालयको अभिलेखसंग निवेदकको नागरिकताको प्रमाणपत्रको छँया प्रति भिडेमा वा फोटो टाँसी आएको निवेदनको फोटो र कार्यालयको अभिलेखको फोटो मिलेको अवस्थामा प्रतिलिपि दिंदा कुनै निकायको सिफारिस नभए पनि प्रतिलिपि जारि गर्न बाधा पर्दैन ।

(४) पहिले जारि भएको नागरिकता प्रमाणपत्रको अनुसूची नभएको तर कार्यालय प्रति भएको वा अनुसूची भएको तर कार्यालय प्रति नभएको वा अनुसूची र कार्यालय प्रति दुवै नभई रजिष्टरमा नाम मात्र भएको अवस्थामा प्रतिलिपि दिनु पर्दा स्थानीय निकायबाट फोटो समेत प्रमाणित गरि सिफारिस भै आएको अवस्थामा व्यक्ति यकिन गरेर पछि कार्यालय प्रति फेला परेको समयमा तदनुरुप हुने गरि हाल रजिष्टरलाई आधार मानी कार्यालय प्रतितयार गरि प्रतिलिपि जारि गर्नुपर्छ ।

[४६] ऐजन, पृष्ठ १६ ।

(५) पहिले मजिष्ट्रेट, बडाहाकिम, अञ्चलाधीश कार्यालय, विशेष अधिकृत, प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला कार्यालय तथा जिल्ला प्रशासन कार्यालयहरुबाट प्रदान गरिएको नागरिकता प्रमाणपत्रहरुको कार्यालय प्रति फेला नपरेको र त्यस्तो नागरिकतामा नागरिकता वितरण टोलीबाट दरपिट समेत नभएको अवस्थामा पहिले लिएको नागरिकता प्रमाणपत्र भए सो प्रमाणपत्र समेत खिची नागरिकता प्रमाणपत्र नलिएको व्यक्तिलाई नागरिकता प्रमाणपत्र दिंदा अपनाउनुपर्ने सम्पूर्ण कार्यविधि पूरा गरि नयाँ नागरिकता प्रमाणपत्र दिई अभिलेखमा पुरानो नागरिकता प्रमाणपत्रको कार्यालय प्रति फेला नपरेको व्यहोरा जनाई अधिकृतबाट प्रमाणित गराउनु पर्छ ।

(६) साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अन्य जिल्लामा बसाई सरी जाने तथा विवाह गरि जाने नेपाली नागरिकले बसाई सराइको तथा विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि माग गरेमा सो कार्यालयले साविक जिल्लाको जिल्ला प्रशासन कार्यालय वा निजको नागरिकता सम्बन्धि प्रामाणिक अभिलेख मगाई सोको आधारमा प्रतिलिपि दिई साविक कार्यालयलाई जनाउ दिनुपर्छ ।

(७) यस्तै प्रक्रिया पूरा गरि कर्मचारी र कर्मचारीका परिवारले समेत आफू कार्यरत रहेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट प्रतिलिपि प्राप्त गर्न सक्नेछन् । कर्मचारी तथा तिनका परिवारले प्रतिलिपि माग गर्दा कर्मचारी कार्यरत रहेको कार्यालयको सिफारिस पेश गर्न लगाउनु पर्छ ।

(८) नागरिकता प्रमाणपत्रको प्रतिलिपि वितरणको छुट्टै रजिष्टर खडा गरि अधिकृतबाट व्यहोरा प्रमाणित गराउनु पर्छ ।

(९) नक्कल दस्तुर वापतको रु. १०।- को टिकट निवेदन वा सिफारिसपत्रको पिठमा टांसी व्यहोरा जनाई टिकट रद्द गर्नुपर्छ ।

(१०) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तयार गर्दा कार्यालयमा रहेको अभिलेख अनुरुपको सबै व्यहोरा कार्डमा स्पष्ट बुझिने गरि कालो मसिले लेख्नुपर्छ र खाली रहने महलमा अरु व्यहोरा लेख्न नमिल्ने गरि धर्सो तान्नुपर्छ ।

(११) नागरिकता कार्डमा सबै व्यहोरा लेखिसकेपछि सम्बन्धित व्यक्तिको फोटो टांसी नागरिकताको प्रमाणपत्रमा आवेदकको सही छाप गराई अधिकृतबाट नागरिकताको प्रमाणपत्रको प्रतिलिपिमा दस्तखत गराई कार्यालय तथा अधिकृतको छाप लगाएर वितरण गर्ने, प्रतिलिपि नागरिकता प्रमाणपत्रमा टांसिएको फोटोमा सुरक्षण चिन्ह (होलोग्राम) समेत टांसी सम्बन्धित व्यक्तिलाई भरपाई गराई नागरिकताको प्रतिलिपि दिनुपर्छ ।

(१२) पहिले अभिलेखमा टाँसेको फोटो चिन्न नसकिने भई व्यक्ति पहिचानमा कठिन हुने र त्यस्तो अवस्थामा अर्काको नामबाट अरुले प्रतिलिपि लिनसक्ने सम्भावना रहेकोले फोटो च्यातिएको, स्पष्ट नभएको अवस्थामा स्थानीय निकायबाट फोटो प्रमाणित सहित सिफारिस लिई पुनः प्रतिलिपि जारि गर्नु पर्छ । प्रतिलिपि दस्तखत गर्ने अधिकृतले दस्तखत गर्ने समयमा कार्यालयको अभिलेख अनुरुपको व्यहोरा भिडे नभिडेको राम्ररी जांच गर्नुपर्छ ।

(१३) नागरिकता प्रमाणपत्रको प्रतिलिपि जारि गर्दा कति पटक प्रतिलिपि लिएको भन्ने कुरा नागरिकता कार्डको पछाडी पट्टि माथिल्लो भागमा र कार्यालयको अभिलेखमा जनाउनुपर्छ ।

जस्तै :- पहिलो पटक प्रतिलिपि दिंदा प्रथम प्रतिलिपि, दोश्रो पटक प्रतिलिपि दिंदा दोश्रो प्रतिलिपि ।

(१४) सम्बन्धित व्यक्तिको मृत्यू भइसकेको अवस्थामा अरु सरोकारवाला व्यक्तिले नागरिकता प्रमाणपत्रको प्रतिलिपि माग गर्न आएमा कार्डमा प्रतिलिपि नदिई अन्य पत्रमा यो व्यक्तिले यो मितिमा नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ भनि कार्यालय प्रति अनुसारको सबै व्यहोरा खुलाई प्रमाणित गरिदिनु पर्छ ।

(१५) अंगीकृत नागरिकता प्रमाणपत्रको प्रतिलिपि जारि गर्दा माथि उल्लिखित आवश्यक कार्यविधिका अतिरिक्त निम्न बमोजिमका थप अन्य कार्यविधि समेत अपनाउनु पर्छ ।

(क) सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको अंगीकृत नागरिकताको अभिलेखको आधारमा सम्बन्धित व्यक्ति यकिन गरि प्रमुख जिल्ला अधिकारीको निर्णयले अंगीकृत नागरिकताको प्रमाणपत्रको प्रतिलिपि दिनुपर्छ ।

(ख) जिल्लामा अभिलेख नभएको खण्डमा गृह मन्त्रालयमा रहेको अभिलेख भिडाउन लेखी पठाई मन्त्रालयबाट प्राप्त अभिलेख अनुरुपको प्रतिलिपि दिनुपर्छ ।

(ग) अंगीकृत नागरिकताको प्रमाणपत्रको प्रतिलिपि दिएपछि त्यसको मास्केवारी गृह मन्त्रालय र सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालयमा पठाउनु पर्छ ।[४७]

**५.१.११ नेपाल सरकारबाट समय-समयमा जारि गरिएका परिपत्रहरु :** नागरिकता वितरण प्रकृयालाई नेपाल अधिराज्यको संविधान २०४९, नेपाल नागरिकता ऐन, २०२० तथा नेपाल नागरिकता नियमावली २०४९, नेपाल नागरिकता ऐन, २०६३ र नियमावली २०६३ ले समेट्न नसकेको कतिपय कुराहरुलाई समय-समयमा नेपाल सरकार, गृह मन्त्रालयले जारि गरेको परिपत्रहरु प्रस्तुत गरिएको छ । जो निम्न छन् :-

(१) प्रमुख जिल्ला अधिकारीमा रहेको नागरिकता सम्बन्धि अधिकार सहायक प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृत, इलाका प्रशासन अधिकृत र सीमा प्रशासन अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने ।

(२) विवाह दर्ता, मृत्यु दर्ता, जन्म दर्ता जस्ता व्यक्तिगत घटना दर्ता सम्बन्धी कागजातका प्रतिलिपिहरु नागरिकता दिंदा राख्नुपर्ने ।

(३) शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति र नागरिकतामा उल्लिखित जन्ममिति फरक परेमा शैक्षिक योग्यताको प्रमाणपत्रमा लेखिएको जन्ममितिलाई कायम गरि नागरिकताको प्रमाणपत्र दिने ।

(४) सानातिना कुराहरु जस्तै बाबुको नाम थर, वतन जस्ता नमिलेका कुराहरु प्रमुख जिल्ला अधिकारीको स्वविवेकमा संशोधन हुन सक्ने ।

(५) भारतीय पेन्सनवाला र बेलायती पेन्सनवाला नेपाली नागरिकहरुको पेन्सन पट्टामा र नागरिकताको प्रमणपत्रमा नाम थर, जन्म मिति आदि जस्ता फरक परेका कुराहरुलाई संसोधन गरि दिने ।

(६) विवाहित महिलाले औपचारिक रुपमा सम्बन्ध विच्छेद गरेपछि पतिको नाम, थर हटाई बाबुको नाम थर कायम राख्न बाधा नपर्ने ।

(७) औपचारिक रुपमा सम्बन्ध विच्छेद गरेर वा नगरिकनै पुनः दोश्रो विवाह गरेकी महिलाले आफ्नो नागरिकता प्रमाणपत्रमा पूर्व पतिको नाम थर, ठेगाना हटाई हालको पतिको नाम थर र ठेगाना समावेश गर्न निवेदन दिएमा विवाह गरेको कुरा एकीन गरि हालको पतिको नाम थर, ठेगाना उल्लेख गरि नागरिकता प्रमाणपत्रको प्रतिलिपि दिई अभिलेखमा सो कुरा जनाउन बाधा नपर्ने ।

---

[४७] नागरिकता प्रमाणपत्र बितरण कार्यबिधि निर्देशिका २०६३, (२०६३), काठमाण्डौ : नेपाल सरकार गृह मन्त्रालय, पृष्ठ २३ र २४ ।

(८)	बाबुको नाम मात्र पत्ता नलागेको र आमाको नाम पत्ता लागेकोमा आमाको नामको महलमा आमाको नाम लेखी ऐन नियमानुसार नागरिकता दिने ।

(९)	विदेशी बाबुका छोरा छोरीलाई नागरिकता ऐन २०६३ बमोजिम वंशज वा जन्मका आधारमा नागरिकता दिन नमिल्ने ।

(१०) विदेशी नागरिकसंग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोरा-छोरीका हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई नेपाल नागरिकता ऐन २०६३ बमोजिम अंगीकृत नागरिकता प्रदान गर्ने ।

(११) विदेशी पुरुषसंग विवाह भएकी नेपाली नागरिक महिलाले नेपालको नागरिकता कानून बमोजिम नत्यागे सम्म वा विदेशी नागरिकता नलिए सम्म निज नेपाली नागरिकताबांट वञ्चित हुने छैनन् । निज नेपाली नागरिक महिलाले विवाह गर्नु अघि नेपालको नागरिकताको प्रमाणपत्र नलिएको र पतिको मुलुकको नागरिकता समेत नलिएको अवस्थामा पतिको राष्ट्रियता खुलाई निज महिलालाई बाबुको नागरिकताको आधारमा नेपाली नागरिकता  माग गरेमा नागरिकता प्रदान गर्न सकिने ।[४८]

## ५.२ नागरिकता प्रमाणपत्र वितरणका लागि संस्थागत व्यवस्था :

नेपालमा नागरिकता वितरणको कार्य विभिन्न समयमा विभिन्न निकाय वा कार्यालयहरुबाट हुने गरेको पाइन्छ । कानूनी रुपमा नागरिकता वितरण हुन थालेपछि गढी, गौंडा, गोश्वाराबाट र पछि नेपाल नागरिकता ऐन २०२० जारि भए पछि क्रमश : काठमाण्डौ नगर पञ्चायत, अंचलाधीस कार्यालय र प्रमुख जिल्ला अधिकारीबाट नागरिकता वितरण भएको पाइन्छ । हाल सम्मानार्थ नेपाली नागरिकता नेपाल सरकारबाट, अंगीकृत नागरिकता  (वैवाहिक वाहेक) गृह मन्त्रालयबाट, वंशज, जन्म र वैवाहिक अंगीकृत नागरिकता प्रमुख जिल्ला अधिकारीबाट जारि गरिन्छ भने वंशज र जन्मको आधारमा वितरण गरिने नागरिकता प्रमुख जिल्ला अधिकारीले आफ्नो मातहतको अधिकृतबाट वितरण हुने गरि अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । यसै प्रत्यायोजित अधिकारको आधारमा सहायक प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृत, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय तथा समय समयमा घुम्ति टोलीहरुबाट समेत नागरिकता वितरण गरिएको पाइन्छ ।

जनतालाई घर दैलोमा नै पुगी नागरिकता वितरण गर्ने उद्देश्यले नेपाल सरकारले पछिल्लो पटक २०६३ साल माघ १ गतेबाट २ महिनाका लागि देशभर टोली प्रमुख सहित ७ जना कर्मचारी रहेको ५६१ वटा नागरिकता वितरण टोलीहरु खटाएको थियो । टोलीमा जनताको अत्याधिक भिड र बन्द, हड्ताल आदि जस्ता क्रियाकलापले गर्दा केही जिल्लाहरुमा २०६४ बैशाख मसान्त सम्म टोलीको म्याद बढाईएको पाइन्छ ।

उक्त टोलीहरुले देश भर २६,१५,६१५ जनालाई नागरिकता वितरण गरेका थिए । जसमा महिलाको संख्या पुरुषको भन्दा धेरै बढी रहेको पाइयो । महिला १७,४१,१२८ (६६.५७ प्रतिशत) र पूरुष ८,४७,४८७ (३३.४३ प्रतिशत) ले नागरिकता लिएको देखिन्छ । यो नागरिकता वितरण अभियानबाट देशका पिछडिएका जनजाति, आदिवासीहरु राउटे, कुसुण्डा, आदिले पनि नागरिकता प्राप्त गरेका छन् । १०० बर्ष भन्दा माथिका ५७ जना व्यक्तिहरुले पनि नागरिकता प्राप्त गरेका छन् ।[४९]

---

[४८] जिल्ला प्रशासन कार्यालय रोल्पाको रेकर्डबाट प्राप्त ।

[४९] रोल्पा जिल्लाका प्र.जि.अ. श्री हरी पसाद वास्तोला संग मिति २०६८/१२/१६ मा लिईएको अन्तरर्वातावाट प्राप्त जानकारी ।

यसै अनुसार रोल्पा जिल्लाको ५१ वटै गा.वि.स.का. नागरिकहरुलाई जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट नागरिकता वितरण गरिन्छ । यस जिल्लामा इलाका प्रशासन कार्यालयको स्थापना भएको छैन । भौगोलिक बनोट अनुसार इलाका प्रशासन कार्यालय स्थापना गर्न आवश्यक देखिन्छ । गत बर्ष जनताको घर दैलोमा नै पुगी नागरिकता वितरण गर्ने राष्ट्रिय अभियान अन्तरगत यस रोल्पा जिल्लामा पनि ६ वटा नागरिकता वितरण टोलीहरु गाउं गाउंमा खटिएका थिए । उक्त टोलीहरुले २ महिना ७ दिन सम्म नागरिकता वितरणको कार्य गरि उक्त अवधिमा २५९०४ महिला र ६१९३ जना पुरुष गरिजम्मा ३२००७ जनालाई नागरिकता वितरण गरेको पाइन्छ ।[५०]

---

[५०] ऐजन ।

# अध्याय छ
# तथ्यांकहरुको प्रस्तुती एवं विश्लेषण

## ६.१ नागरिकता वितरण र वितरित नागरिकता बारेको अध्ययन :

यस अध्यायमा प्रस्तुत सोधपत्रको अध्ययन क्षेत्र जिल्ला प्रशासन कार्यालय, रोल्पामा नागरिकता वितरणकार्य र वितरित नागरिकताका विभिन्न पक्षहरुमा अध्ययन गर्दा प्राप्त भएका तथ्यांकहरुलाई अध्ययन र विश्लेषण गर्न तथ्यांकको पद्धति अनुसार उपयुक्त ढांचामा तालिकीकरण गर्ने प्रयास गरिएको छ । जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट शुरुदेखि हाल सम्म वितरित विभिन्न किसिमका नागरिकता प्रमाणपत्रका तथ्यांकहरु, नागरिकता वितरणसँग सम्बन्धित कर्मचारी, स्थानिय निकायका पदाधिकारी, सेवाग्राही आदिसंग लिखित र मौखिक प्रश्नावलीका माध्यमबाट विभिन्न तथ्य तथ्यांकहरु लिएर विश्लेषण गरिएको छ ।

### ६.१.१ जनसंख्या विवरण :

महिला :- १,१७,४२२ (५१.७५%)
पुरुष :- १,०९,४८१ (४८.२५%)

जम्मा :- २,२६,९०२
श्रोत : जि.वि.स. रोल्पावाट प्राप्त डाटा

उल्लेखित बितरण अनुसार यस रोल्पा जिल्लामा जम्मा २,२६,९०२ जनसंख्या रहेको र त्यस मध्ये पुरुष भन्दा महिलाको संख्या ७९४१ ले बढी देखिन्छ ।

### ६.१.२ जिल्ला प्रशासन कार्यालय रोल्पाको स्थापनाकाल देखि २०६८ पौष महिना सम्मको नागरिकता वितरण विवरण

तालिका – १

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | वंशज | १८००५१ | |
| २ | जन्म | १८ | |
| ३ | वैवाहिक अंगिकृत | १९ | |
| जम्मा | | १८००८८ | |


श्रोत :- जिल्ला प्रशासन कार्यालय, रोल्पा

यस रोल्पा जिल्लामा नागरिकता वितरणको सुरुवात देखि पौष सम्म जम्मा १८००८८ जना नागरिकले नागरिकताको प्रमाण पत्र लिएको पाइयो । वंशजको नाताले १८००५१ जनाले, जन्मको आधारमा १८ जनाले र वैवाहिक अंगीकृतको नाताले १९ जनाले नागरिकता लिएको देखिन्छ । यसरी हेर्दा यस रोल्पा जिल्लामा मुख्यतया वंशवको आधारमा नै नागरिकता वितरण भएको देखिन्छ ।

### ६.१.३ ०६८ मंसिर देखि ०६९ बैसाख सम्म ६ महिनाको नागरिकता वितरण विवरण :

**तालिका – २**

| सि.नं. | महिना | वंशज | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | मार्ग | ४६५ | ३९७ | ८६२ |
| २ | पौष | ४८७ | ४१५ | ९०२ |
| ३ | माघ | २५७ | २२० | ४७७ |
| ४ | फाल्गुन | २०१ | १७१ | ३७२ |
| ५ | चैत्र | १९५ | १६६ | ३६१ |
| ६ | वैसाख | २१७ | १८५ | ४०२ |
| जम्मा | | १८२२ | १५५४ | ३३७६ |





श्रोत : जिल्ला प्रशासन कार्यालय, रोल्पाको अभिलेख

मिति ०६८ मार्ग महिना देखि ०६९ बैसाख मसान्त सम्मको ६ महिनामा यस जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट जम्मा ३३७६ वटा नयां नागरिकता वितरण भएको छ । यस मध्ये १८२२ पुरुष र १५५४ महिला रहेका छन् । ६ महिनाको अवधीमा सबै भन्दा बढी पौष महिनामा र सबै भन्दा घटी चैत्र महिनामा नागरिकता वितरण भएको रहेछ । यस अवधिमा जन्म र वैवाहिक अंगीकृत नागरिकता वितरण भएको देखिएन । नागरिकता वितरणलाई प्रति महिना औसतमा निकाल्दा ५६३ जना हुन आउदो रहेछ ।

### ६.१.४ उक्त ६ महिनामा प्रतिलिपि वितरण विवरण :

तालिका - ३

| सि.नं. | महिना | जम्मा |
|---|---|---|
| १ | मार्ग | २६८ |
| २ | पौष | २७४ |
| ३ | माघ | १८० |
| ४ | फाल्गुन | १७७ |
| ५ | चैत्र | १६७ |
| ६ | वैसाख | १५१ |
| जम्मा | | १२१७ |





श्रोत : जिल्ला प्रशासन कार्यालय, रोल्पाको अभिलेख

०६८ मार्ग देखि ०६९ वैसाख मसान्त ६ महिनामा जम्मा १२१७ जनालाई प्रतिलिपि नागरिकता वितरण गरिएको थियो ।

### ६.१.५ लैंगिक विवरण :

तालिका - ४

| | वितरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | १८२२ | ५३.९७ |
| २ | महिला | १५५४ | ४६.०३ |
| जम्मा | | ३३७६ | १०० |




श्रोत : जिल्ला प्रशासन कार्यालय, रोल्पाको अभिलेख

अध्ययन गरिएको ६ महिनामा वितरित नयां ३३७६ थान नागरिकता मध्ये १८२२ जना पुरुष र १५५४ जना महिलाले नागरिकता प्राप्त गरेका छन् । यसलाई प्रतिशतबाट हेर्दा पुरुषको संख्या ५३.९७ प्रतिशत र महिलाको संख्या ४६.०३ प्रतिशत हुन आउंछ ।

### ६.१.६ नागरिकता प्राप्त गर्ने प्रकृयाका बारेमा जानकारी :

सहज तरिकाबाट नागरिकता प्राप्त गर्नको लागि नागरिकता प्राप्त गर्न चाहने व्यक्तिलाई प्रचलित ऐन, नियम र प्रकृयाका बारेमा जानकारी पनि हुनु आवश्यक हुन्छ । यदि कानूनी प्रकृयाका बारेमा जानकारी नभएको अवस्थामा धेरै झञ्झट र दुःख हुन सक्दछ । यसै विषयमा अध्ययन गर्नको लागि कानूनी प्रकृयाका बारेमा जानकारी छ, छैन भनि ५० जना सेवाग्राहीलाई प्रश्न सोधिएकोमा देहाय बमोजिमको जवाफ प्राप्त हुन आयो ।

तालिका – ५

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जानकारी थियो | १२ | २४ |
| २ | सामान्य जानकारी थियो | २४ | ४८ |
| ३ | जानकारी थिएन | १४ | २८ |
| जम्मा | | ५० | १०० |

श्रोत : सेवाग्राहीसंग गरिएको प्रश्नावलीको आधार

नागरिकता प्राप्त गर्नको लीगि पूरा गर्नु पर्ने कानूनी प्रकृयाका बारेमा जानकारीका सम्बन्धमा ५० जना सेवाग्राहीलाई सोधिएकोमा १२ जनाले मात्र जानकारी भएको जवाफ दिए भने २४ जनाले सामान्य जानकारी भएको भने । यी ३६ जना मध्ये १० जनाले कानून र अन्य किताब पढेर थाहा पाएको भनेका थिए र २६ जनाले यस विषयमा अरुको कुरा सुनेर थाहा पाएको जवाफ दिएका थिए । १४ जनाले कुनै जानकारी नभएको बताएका थिए ।

### ६.१.७ वितरण प्रकृया :

जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट नागरिकता प्राप्त गरिसकेपछि ५० जना सेवाग्राहीहरुलाई नागरिकता प्राप्त गर्ने प्रकृया सरल कि जटिल भनि सोधिएकोमा देहाय बमोजिमको तथ्यांक प्राप्त भयो ।

तालिका - ६

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नागरिकता लिने प्रकृया सजिलो छ | ३१ | ६२ |
| २ | नागरिकता लिने प्रकृया ठिकै छ | ११ | २२ |
| ३ | नागरिकता लिने प्रकृया अप्ठ्यारो छ | ०८ | १६ |
| जम्मा | | ५० | १०० |

श्रोत : जिल्ला प्रशासन कार्यालय रोल्पाका सेवाग्राहीहरु

सेवाग्राहीलाई सोधिएको उपर्युक्त प्रश्नमा नमूना संख्या (५०) मध्ये ६२ प्रतिशत सेवाग्राहीले नागरिकता लिने प्रकृया सजिलो भएको बताए भने २२ प्रतिशतले ठीकै र १६ प्रतिशत ले नागरिकता लिने प्रकृया अप्ठ्यारो भएको बताए ।

### ६.१.८ समयगत विवरण :

प्रस्तुत सोधपत्रमा नमूनाको रुपमा छनौट गरिएका ०६८ मार्ग देखि ०६९ बैशाख महिनामा जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट नागरिकता प्राप्त गर्ने कूल ३३७६ जना सेवाग्राहीहरु मध्ये ५० जना सेवाग्राहीहरु संग जिल्ला प्रशासन कार्यालयमा आवेदन पेश गरेको कति समयमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सके भनि अध्ययन गर्दा निम्नानुसार को तथ्यांक प्राप्त हुन आयो ।

तालिका – ७

| सि.नं. | नागरिकता प्राप्त गर्न लागेको समय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ दिन (आवेदन पेश गरेकै दिन) | ३१ | ६२ |
| २ | २ दिन (आवेदन पेश गरेको भोलिपल्ट) | १० | २० |
| ३ | ३ दिन वा सो भन्दा बढी | ०९ | १८ |
| जम्मा | | ५० | १०० |

श्रोत : जिल्ला प्रशासन कार्यालय, रोल्पा

नमुनाको रुपमा छानिएको सेवाग्राही मध्ये ३१ जनाले आवेदन पेश गरेकै दिनमा नागरिकता प्राप्त गरेको देखियो । १० जनाले भोलीपल्ट प्राप्त गरेका थिए भने ०९ जनाले २ दिन भन्दा बढि समय लागेको बताए । एकैदिनमा नागरिकता बनाएका ३१ जना प्रमाणपत्र र प्रकृया पुरा गरि समयमै कार्यालय आएको भेटियो भने नागरिकता प्राप्त गर्न २ दिन लागेको १० जना मध्ये ७ जना कार्यालय समयको अन्तिम तिर आएको हुनाले र ३ जना सेवाग्राही हरु प्रमुख जिल्ला अधिकारी र सहायक प्रमुख जिल्ला अधिकारी दुवै जना कार्यालयमा उपस्थित भई काम गर्न नपाएको कारणबाट आवेदन पेश गरेको भोलिपल्ट मात्र नागरिकता प्राप्त गरेको देखियो । दुई दिन भन्दा बढि समय लागेकाहरु ०९ जनाहरुको प्रमाण पत्र र प्रकृया नपुगेको कारणबाट समय बढि लागेको देखिन्छ ।

**६.१.९ नागरिकता वनाउदा सबैभन्दा झन्झटिलो लागेको कुरा :** नागरिकता वनाउन आएका सेवाग्राहिहरुलाई नागरिकता वनाउने प्रकृयामा सबै भन्दा अफ्ठेरो के लाग्यो भनि प्रश्न सोद्दा निम्न अनुसारको जवाफ पाईयो :

तालिका – ८

| सि.नं. | अफठ्यारो लागेको कुरा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यलय टाढा भएको तथा वाटोघाटोको सुविधा नभएको | २९ | ५८ |
| २ | सिफारिस गराउने प्रकृया झन्झटिलो भएको | ०५ | १० |
| ३ | जि.प्र.का मा छिटो रुपमा काम नहुने गरेको | १६ | ३२ |
| जम्मा | | ५० | १०० |

**६.१.१० सिफारिस सम्बन्धी कार्यको अध्ययन :** नागरिकता वितरणका लागि स्थानीय निकायका पदाधिकारी/कर्मचारीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कुनै पनि नेपाली नागरिकले नागरिकता प्राप्त गर्नको लागि स्थानीय निकायका पदाधिकारीको सिफारिस सहि हुनुपर्दछ अन्यथा गलत तवरबाट पनि व्यक्तिहरुले नागरिकता प्राप्त गर्न सक्दछन् । यसै सम्बन्धमा स्थानीय निकायका कर्मचारीहरुसंग सोधिएको प्रश्नावलीको जवाफ निम्नानुसार पाइयो ।

तालिका - ९

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नागरिक पहिचानको समस्या छ | २ | २० |
| २ | नागरिक पहिचानको सामान्य समस्या छ | ६ | ६० |
| ३ | नागरिक पहिचानको समस्या छैन | २ | २० |
| जम्मा | | १० | १०० |

श्रोत : रोल्पा जिल्लाका स्थानीय निकायका पदाधिकारीहरु

जम्मा १० जना पदाधिकारीसंग गरिएको प्रश्नमा ६० प्रतिशत अर्थात ६ जनाले नागरिक पहिचानमा सामान्य समस्या रहेको खुलाए भने २०/२० प्रतिशत अर्थात २/२ जनाले क्रमश नागरिक पहिचानमा समस्या रहेको र समस्या नरहेको जवाफ दिए ।

**६.१.११ कर्मचारीको अवस्था :**

जिल्ला प्रशासन कार्यालय, रोल्पाको नागरिकता फाँटमा काम गर्ने कर्मचारीको अवस्था कस्तो छ भनि अध्ययन गर्दा निम्नानुसार भएको पाइयो :

जम्मा १७ जना कर्मचारी मध्ये नागरिकता फाँटमा काम गर्न २ जना खरीदार तथा कार्यलय सहायक हुनु पर्नेमा एक जना खरिदार मिलाएर मन्त्रालयमा बस्दै आएको । नागरिकता फाँटमा मुख्य रुपमा एक ना.सु.ले हेर्दै आएको जसमा दुई कार्यालय सहायकले समेत कर्मचारीको कार्य गर्दै आएको पाईएको ।

**६.१.१२ अभिलेख व्यवस्थापन :**

नागरिकता वितरण कार्यमा प्रयोगमा ल्याइएका रजिष्टर, विभिन्न कागजपत्रहरु, अनुसूची फारामहरु, ऐन नियम र परिपत्रहरुका बारेमा पनि अध्ययन गरिएको थियो । अध्ययनको क्रममा अभिलेख व्यवस्थित रुपमा व्यवस्थापन गरेको पाइएन । यसै सन्दर्भमा सेवाग्राही र सम्बन्धित फांटका कर्मचारीहरुसँग अभिलेख व्यवस्थापन कस्तो छ ? भनि गरिएको प्रश्नावलीको जवाफ निम्नानुसार पाइयो ।

तालिका - १०

| सि.नं. | विवरण | सेवाग्राही | | कर्मचारी | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | व्यवस्थित छ | २० | ४० | १ | २० |
| २ | अव्यवस्थित छ | १० | २० | ३ | ६० |
| ३ | ठीकै छ | २० | ४० | १ | २० |
| जम्मा | | ५० | १०० | ५ | १०० |

श्रोत : सेवाग्राही र कर्मचारीसंग गरिएको प्रश्नावलीको आधार

उल्लेखित तालिका अनुसार अभिलेख व्यवस्थापनका बारेमा सन्तोषजनक जवाफ पाइएन भने कर्मचारीहरुलाई तपाई आफ्नो कर्तव्य पुरा गर्न पूर्ण उत्प्रेरित हुनुहुन्छ भनि सोधिएकोमा निम्नानुसारको जवाफ प्राप्त भयो ।

तालिका – ११

| सि.नं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्ण उत्प्रेरित छु | ० | ० |
| २ | सामान्य उत्प्रेरित छु | ५ | १०० |
| ३ | उत्प्रेरित छैन | ० | ० |

श्रोतः जि.प्र.का. रोल्पाका कर्मचारीसंग गरिएको प्रश्नावलीको आधार

उल्लेखित तालिका बमोजिम ५ जना कर्मचारीहरु मध्ये पूर्ण उत्प्रेरित छु भन्ने र उत्प्रेरित छैन भन्ने कर्मचारीहरु भेटिएनन् भने ५ जना अर्थात शतप्रतिशत कर्मचारीहरुले सामान्य उत्प्रेरित छु भन्ने जवाफ दिए ।

### ६.१.१३ नागरिकता फाँटको भौतिक अवस्था

नागरिकता फांटमा भएको र आवश्यक भौतिक पुर्वाधारहरु सम्बन्धमा अध्ययन गर्दा निम्नानुसार पाईयो ।

(क) नागरिकता सम्बन्धी कार्य गर्ने र रेकर्ड राख्ने छुट्टा छुट्टै कोठा हुनुपर्ने भनिए तापनि कोठाको अभावले एकै कोठामा काम गर्ने तथा रेकर्ड राख्ने गरिएको पाईयो । साथै भएको कोठा पनि उपयुक्त आकारको भन्दा सानो रहेको देखियो ।

(ख) ४ गा.वि.स.को नागरिकता सम्बन्धी रेकर्ड राख्न एक दराज आवश्यक भए तापनि पुरै जिल्ला (५१ गा.वि.स.) को लागि जम्मा ४ वटा दराज उपलब्ध भएको पाईयो ।

(ग) नागरिकता फांटको लागि ४ वटा टेवल आवश्यक देखिएपनि जम्मा २ वटा टेवल मात्र उपलब्ध रहेको र कर्मचारी बस्ने कुर्सिहरुको समेत अभाव रहेको देखियो ।

(घ) सेवाग्राहीहरु बस्नको लागि छाना भएको पुर्वाधार र बेन्चहरुको अभाव रहेको पाईयो ।

(ङ) नागरिकता फांटमा कम्प्युटरको अभाव, कोठामा कार्पेट नभएको तथा हिटर र पङ्खा समेत नभएको पाईयो ।

# अध्याय सात
# सारांश निष्कर्ष र सुझावहरु

यस अध्यायमा सारांश, निष्कर्ष र सुझावहरु समावेश गरिएको छ । सारांश अन्तरगत सोधपत्रमा उल्लेख भएका विषयबस्तुहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ। अध्ययनका क्रममा भेटिएका तथ्य तथ्यांकलाई जस्ताको तस्तै संक्षिप्त रुपमा समेटने कोसिश भएको छ।

निष्कर्ष अन्तरगत अध्ययनको क्रममा प्राप्त भएका तथ्यांकहरुको विश्लेषण, प्रचलित ऐन नियमका दुर्वल एंव सवल पक्षहरुलाई समेटिएको छ भने सुझाव अन्तरगत नागरिकता वितरण प्रकृयालाई छिटो छरितो र व्यवस्थित बनाउन एंव झुठो विवरण पेश गरि नागरिकता लिने प्रवृति रोक्न उपयुक्त कानूनको व्यवस्था हुनुपर्ने लगायतका सुझावहरुलाई प्रस्तुत गरिएको छ।

**७.१ सारांश :**

प्रस्तुत सोधपत्रको विषयको मुख्य उद्देश्य नागरिकता वितरण प्रकृयाको अध्ययन गर्नु रहेको छ। नागरिकता कुनै पनि राष्ट्रको बैध नागरिक भएको तथ्यलाई पुष्टि गर्न सम्बन्धित नागरिकलाई राज्यले दिने प्रमाण भएको हुंदा नागरिकता ज्यादै नै संवेदनशील र महत्वपूर्ण प्रमाण पत्र हो । देशको सच्चा नागरिक ठहर्नका लागि आवश्यक पर्ने आधार र शर्तहरु सम्बन्धित देशको संविधान र ऐन कानूनले स्पष्ट रुपमा तोकेको हुन्छ। एउटा नागरिक त्यस देशको अभिन्न अंग हो । राज्यको यस्तो अंगले यहि नागरिकताको आधारमा नागरिक, राजनैतिक, आर्थिक, सामाजिक लगायतका सबै हक र अधिकारको उपयोग गर्दछ । यस्तो महत्वपूर्ण प्रमाण उपलव्ध गराउन राज्यले संवैधानिक र कानूनी व्यवस्थाका साथै संस्थागत संरचनाहरुको व्यवस्था गरेको छ।

संवैधानिक व्यवस्था अन्तरगत वर्तमानमा नेपालको अन्तरिम संविधान २०६३ को धारा ८, ९, १० र ११ मा नागरिकता सम्बन्धी व्यवस्था गरेको छ । कानूनी व्यवस्था अन्तरगत नेपाल नागरिकता ऐन २०६३ र नियमावली २०६३ हाल क्रियाशिल छन् ।

संवैधानिक र कानूनी प्रकृया पुरा गरि नागरिकहरुलाई नागरिकता प्रमाणपत्र वितरणगर्न तथा गैह्रकानूनी रुपमा नागरिकता लिएमा वा लिने प्रयास गरेमा कारवाही समेत गर्ने प्रयोजनार्थ सरकारले संस्थागत संरचनाको स्थापना गरेको छ। संस्थागत संरचना अन्तरगत गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय र सिमा प्रशासन कार्यालय रहेका छन्। समय समयमा घुम्ती टोलीहरु पनि गठन हुने गरेका छन्।

यस रोल्पा जिल्लामा शुरु देखि ०६८ पौष मसान्त सम्म १८००८८ वटा नागरिकता प्रमाणपत्र वितरणगरिएको पाईयो। **तालिका १**

०६८ मार्ग महिना देखि ०६९ बैसाख मसान्त सम्म ३३७६ जनाले नयां नागरिकताको प्रमाण लिएका छन् यसलाई औसतमा हेर्दा प्रति महिना ५६३ जनाले नागरिकता प्राप्त गर्ने गरेको पाइयो। **तालिका २**

त्यसै गरि उक्त ६ महिनामा पुरुष र महिला गरि जम्मा १२१७ जनाले प्रतिलिपि प्राप्त गरेका छन्। **तालिका ३**

६ महिनाको अवधीमा वितरित जम्मा ३३७६ वटा नयां नागरिकता मध्ये १८२२ जना पुरुष (५२.९७%) र १५५४ जना महिला (४६.०३%) ले नागरिकता लिएको देखियो। **तालिका ४**

नागरिकता प्राप्त गर्ने प्रकृयाका बारेमा जानकारी भएको सेवाग्राही १२ (२४%), सामान्य जानकारी थियो भन्ने २४ (४८%) र जानकारी थिएन भन्ने १४ (२८%) जना रहेका थिए । **तालिका ५**

नागरिकता वितरण प्रकृया सजिलो लागेको भन्ने ३१ (६२%) जना, ठिकै लागेको भन्ने ११ (२२%) जना र अप्ठ्यारो लागेको भन्ने ८ (१६%) जना सेवाग्राही भेटिए । **तालिका ६**

नागरिकता प्राप्त गरेका ३३७६ जना मध्ये ३१ (६२%) जनाले आवेदन पेश गरेकै दिन, १० (२०%) जनाले भोलीपल्ट र ९ (१८%) जनाले ३ दिन वा सो भन्दा बढी समय लागेको देखियो । **तालिका ७**

२९ जना अर्थात ५८ प्रतिसतले जिल्ला प्रशासन कार्यालय टाढा भएको तथा वाटो घाटोको सुविधा नभएको, ०५ जना अर्थात १० प्रतिसतले सिफारीस गराउने प्रक्रिया झन्झटिलो भएको र १६ जना अर्थात ३२ प्रतिसतले जि.प्र.का. मा छिटो रुपमा काम नहुने गरेको लाई प्रमुख समस्याको रुपमा वताए । **तालिका ८**

नागरिकता प्रमाण पत्र सिफारिस गर्दा नागरिक पहिचानको समस्या भएको कुरा २ (२०%) जना, सामान्य समस्या भएको कुरा ६ (६०%) जना र २ (२०%) जना स्थानीय निकायका कर्मचारीले पहिचानको समस्या छैन भनेका थिए । **तालिका ९**

नागरिकता फांटको अभिलेख व्यवस्थापन व्यवस्थित छ भन्ने सेवाग्राही २० (४०%) जना अव्यवस्थित छ भन्ने १० (२०%) जना र ठिकै छ भन्ने २० (४०%) जना सेवाग्राही देखिए भने व्यवस्थित छ भन्ने कर्मचारी १ (२०%) जना, अव्यवस्थित छ भन्ने ३ (६०%) जना र ठिकै छ भन्ने १ (२०%) जना देखिए । **तालिका १०**

आफ्नो काम प्रति पूर्ण उत्प्रेरित कर्मचारी शुन्य प्रतिशत, सामान्य उत्प्रेरित कर्मचारी शतप्रतिशत र उत्प्रेरित छैन भन्ने कर्मचारी सून्य देखियो । **तालिका ११**

नागरिकता फांटमा काम गर्ने कर्मचारीहरु विभिन्न समस्याका कारण उनीहरुको कार्यक्षमतामा असर परेको भेटियो । उक्त फांटमा कर्मचारीहरु अप्रयाप्त रहेको देखिन्छ । भौतिक सामग्रीहरु पनि जेनतेन काम चलाउ खालका मात्र छन् । सबै कर्मचारीहरुलाई पुग्ने गरि फर्निचर समेत नरहेको पाइयो ।

## ७.२ निष्कर्ष

नेपालमा नागरिकता वितरण प्रकृया जिल्ला प्रशासन कार्यालय, रोल्पाको एक अध्ययन सन्दर्भको प्रस्तुत सोधपत्र तयार गर्ने सिलसिलामा नागरिकता वितरण प्रयोजनार्थ जारि गरिएका विगत देखि वर्तमान सम्मका संविधान, ऐन, नियम, कार्यविधि निर्देशिका र नेपाल सरकारबाट जारि गरिएका परिपत्रहरुको साथै जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट वितरित नागरिकताहरुको तथ्यांक एवं नागरिकता वितरणका लागि भएका विभिन्न कार्यहरुको विश्लेषण गरिएको छ । अध्ययनको क्रममा एकातर्फ विविध कारणहरुले गर्दा नेपाली नागरिकहरुले सहज र सरल रुपमा अझै पनि निशुल्क रुपमा राज्यले उपलब्ध गराउदै आएको नागरिकता प्रमाण पत्र प्राप्त गर्न नसकेको देखिन्छ । अर्को तर्फ ऐन कानुनमा भएका खुकुला प्रावधानहरुका कारण झुठ्ठो विवरणका आधारमा गैह्र नेपाली नागरिकहरुले समेत नेपाली नागरिकताको प्रमाणपत्र लिन सक्ने संभावना देखिन्छ । व्यक्तिगत घटना दर्तालाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याउन नसकिएको कारण नागरिकताको प्रमाण पत्र जस्तो संवेदनशील र महत्वपूर्ण विषयमा उल्लेखित विवरण पनि झुठ्ठो भएका तथ्यहरु भेटिएका छन् । जस्तै जन्मदर्ताको प्रमाणपत्र नहुंदा नागरिकता बनाउंदा आफू खुशी जन्ममिति राख्ने गरेको समेत भेटियो । त्यसैगरि कक्षा आठ को प्रमाणपत्रमा एउटा जन्म मिति र कक्षा १० को प्रमाणपत्रमा अर्को जन्म मिति भएका थुप्रै उदाहरणहरु देखिए ।

उल्लेखित कुराहरुका अलावा नागरिकता फाँटमा कार्य बोझ अनुसार कर्मचारीको दरबन्दी नभएको र भएको दरबन्दीमा पनि दुर्गम पहाडी जिल्ला भएका कारण रिक्त रहेको पाइयो । कर्मचारीहरु काम प्रति उत्प्रेरित हुनको लागि आर्थिक सुविधाका अलावा कार्यकक्षमा कामको प्रकृति अनुसार भौतिक सुविधाहरु पनि हुन जरुरी हुन्छ । सोधपत्रको क्रममा अध्ययन गरिएको नागरिकता फाँट सामान्य रुपमा अव्यवस्थित र फर्निचर लगायतका भौतिक सामग्रीहरुको अभाव रहेको देखियो ।

नागरिकता प्राप्त गर्ने प्रकृयाको शुरुवात स्थानीय निकायबाट हुने गर्दछ । कतिपय व्यक्तिहरुको हकमा स्थानीय निकायबाट सिफारिश गर्दा प्रचलित ऐन, नियमको प्रकृया पालना नगरिदिदा समेत नागरिकता वितरण सरल र सहज हुन नसकेको पाइयो । प्रचलित ऐनमा नेपाली नागरिकता लिन चाहने व्यक्तिसंग कुनै पनि लिखित प्रमाणहरु नभए तापनि सम्बन्धित क्षेत्रका ५ जना व्यक्तिहरुले सर्जमिन मुचुल्का र ३ जना व्यक्तिहरुले सनाखत गरिदिएपछि नागरिकता दिनुपर्ने प्रावधान रहेका कारण ऐनको भावना विपरित सोही प्रावधानका आधारमा गलत व्यक्तिहरुले नेपाली नागरिकता लिएको समेत भेटिएको छ । तसर्थ यस्ता खुकुला प्रावधानहरुमा सुधार हुन जरुरी देखिन्छ । त्यसैगरि कर्मचारीहरुले समेत प्रचलित ऐन, नियमलाई आधार मानि स्वतन्त्र रुपमा काम गर्न नपाइएको अवस्था समेत देखियो । दवाव र प्रभावको कारण प्रचलित प्रकृया विपरित काम गर्नु परेको गुनासो समेत सम्बन्धित कर्मचारीहरुले गरेका थिए जुन कुरा अत्यन्तै नाजायज हो ।

यसर्थ लोक कल्याणकारी राज्यको आवधारणा अनुरुप सरल र सहज रुपमा नेपाली नागरिकहरुले चाहेको बखत नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने कानूनी र संरचनागत व्यवस्था हुनुपर्ने साथै गलत व्यक्तिहरुले नागरिकता लिने, दिने र दिलाउने कार्यमा संलग्न व्यक्तिलाई कडाइका साथ कानून बमोजिम कारवाही गरि त्यस्तो कार्यलाई दुरुत्साहित गर्नुपर्ने देखिन्छ ।

### ६.३ सुझाव

यस अध्ययनको उद्देश्य रोल्पा जिल्लामा नागरिकता वितरणको इतिहास तथा नागरिकता वितरणका लागि बनेका संविधान, ऐन, नियम र संस्थागत संरचनाहरुको अध्ययन गर्नु, नागरिकता वितरण तथा प्राप्ती कार्यमा संलग्न सम्पूर्ण पक्षहरुको साथै अभिलेख व्यवस्थापन समेतको अध्ययन गरि अध्ययनको क्रममा भेटिएका विभिन्न तथ्य र तथ्यांकको विश्लेषण गरि सुझाव समेत प्रस्तुत गर्नु हो । तसर्थ सोधपत्र तयार गर्ने क्रममा प्राप्त तथ्य र तथ्यांकलाई विश्लेषण गरि नागरिकता लिने र दिने कार्यलाई यथार्थमा आधारित रहि सहज तवरबाट उपलब्ध गराउन निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

(१) नागरिकता वितरण सम्बन्धमा बेलाबखत ल्याइने प्रावधानहरु यसको दिर्घकालिन असरलाई विचार गरेर मात्र ल्याइनु पर्दछ । जस्तै अन्तरिम संविधान २०६३ को धारा ८ (५), नागरिकता ऐन २०६३ को दफा ४ यसैगरि वर्तमान संवैधानिक र कानूनी प्रावधानहरुमा सुधार हुनुपर्दछ जस्तै र नागरिकता नियमावलीको नियम ३ (२) ४ (३) ।

(२) नागरिकतामा सिफारिस गर्ने स्थानीय निकायका जनप्रतिनिधि एंव कर्मचारीहरुलाई आफ्नो सिफारिश प्रति पूर्ण जिम्मेवार बनाउनुपर्दछ ।

(३) नेपालको हालको राजनैतिक विभाजन अनुसार प्रत्येक वडामा नागरिकता सिफारिसका लागि नागरिक समाजका तर्फबाट एउटा समिति गठन गर्न उपयुक्त हुन्छ जुन समितिको सिफारिसका आधारमा स्थानीय निकायबाट सिफारिस गर्ने व्यवस्था मिलाउने ।

(४) नागरिकता लिने प्रकृयाका बारेमा सचेतना कार्यक्रम चलाउने ।

(५) व्यक्तिगत घटनाहरुको दर्ता अनिवार्य गराई ती दर्ता कागजातहरुलाई नागरिकता प्राप्तिको प्रमाण मान्नुपर्ने ।

(६) जन्म र विवाह दर्तालाई निश्चित समय तोक्ने र सो समय भित्र दर्ता नगर्नेलाई राज्यले उपलब्ध गराउने विभिन्न सुविधाबाट वञ्चित गराउनुका साथै दणड जरिवानाको पनि व्यवस्था गर्न उपयुक्त हुन्छ ।

(७) नागरिकता वितरणलाई कम्प्यूटराइज प्रणालीमा लैजानुपर्ने ।

(८) अभिलेख व्यवस्थापनलाई भरपर्दो बनाउनु पर्ने ।

(९) निश्चित समयको अन्तरालमा दक्ष कर्मचारीहरु सम्मिलित घुम्ति नागरिकता वितरण टोली बनाई खटाउनु पर्दछ ।

(१०) कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित गर्न तालिम लगायतका अन्य सुविधाहरु थप गर्नु पर्दछ ।

(११) नागरिकता वितरण गर्ने कार्यालयहरुमा भौतिक पूर्वाधारहरु सम्पन्न हुनुपर्दछ ।

(१२) राम्रो काम गर्नेलाई पुरस्कार एवं नराम्रो काम गर्नेलाई दणड सजाय गर्नुपर्दछ । यसमा नाताबाद कृपावादले काम गर्नु हुदैन ।

(१३) जिल्लाको अनुसुचिको सदरमुकाममा मात्र सुविधा उपलब्ध हुदा ग्रमीण भेगका जनताहरुमा समस्या पर्ने हुदा गाँउ स्तरमै नागरिकता दिने नागरिकता वितरण मोवाईल टोली वेला वेलामा घुमाउने व्यवस्था हनुपर्ने देखिन्छ ।

(१४) नागरिकताको सिफारिस गर्ने स्थानीय निकायमा पनि राम्रो अभिलेख प्रणाली हुनुपर्दछ ।

(१५) निश्चित समयमा कर्मचारीहरुको सरुवा बढुवा हुने व्यवस्था तोकी सो व्यवस्थाको कडाइका साथ पालना गर्नुपर्दछ ।

(१६) झुठ्ठो विवरण पेश गरि नागरिकता लिने माथि कडा कारावाही हुनुपर्दछ ।

(१७) सर्जमिन मुचुल्का र सनाखतका आधारमा मात्र नागरिकता दिन नहुने ।

## सर्न्दभ सामाग्री

**पुस्तकहरु**


१.  अधिकारी, रेशमराज, (२०६८), **नेपालको नागरिकता वितरण प्रणाली,** काठमाण्डौः सामाजिक अनुसन्धान र सामाग्री विकासको लागि प्राज्ञिक मञ्च ।

२.  कोइराला, यज्ञराज, (२०६७), **राज्य र नागरिकता**, काठमाण्डौः मकालु प्रकाशन गृह ।

३.  गैरआवासीय नेपाली संघ, (२०६६), **गैरआवासीय नेपालीको लागी दोहोरो नागरिकता-** अवधारणापत्र ।

४.  दहाल, गिरिधारी (प्रकाशन वर्ष उल्लेख नगरिएको) **राजनीतिशास्त्र** (तेस्रो संस्करण) वागवजार : आशिस हाउस प्रा.लि काठमाडौ ।

५.  **नागरिकता ऐन २००९,** (२००९), काठमाण्डौः नेपाल सरकार ।

६.  **नागरिकता ऐन २०२०,** (२०२०), काठमाडौ :श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

७.  **नागरिकता नियमावलि २०४९,** (२०४९), काठमाण्डौः नेपाल सरकार, कानून तथा न्याय मन्त्रालय, कानुन किताब व्यस्था समिति ।

८.  **नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देषिका २०६३**, (२०६३), काठमाण्डौ नेपाल सरकार गृहमन्त्रालय ।

९.  **नेपाल अधिराज्यको संविधान २०४७,** (२०४७), काठमाडौः श्री ५ को सरकार, कानून न्याय मन्त्रालय, कानुन किताब व्यस्था समिति ।

१०.  **नेपालको अन्तरिम संविधान २०६३,** (२०६३), काठमाडौः नेपाल सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

११.  **नेपालको संविधान २०१९,** (२०१९), काठमाडौः श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालय ।

१२.  **नेपाल नागरिकता ऐन २०६७**, (२०६७), नेपाल ऐन सग्रह खण्ड-४ काठमाण्डौः नेपाल सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

१३. **नेपाल नागरिकता निमावलि २०६३** (२०६३) काठमाण्डौः नेपाल सरकार, कानून न्याय तथा व्यवस्था मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

१४. पौडेल शरद (२०६४), **तराइ, मद्येश पहिचानको संघर्षमा,** काठमाण्डौः मानव अधिकार संयुक्त मन्च ।

१५. भण्डारी, साध्य वहादुर, (२०६४), **नागरिकतामा राष्ट्रघात**, काठमाण्डौः नागरिकता दुरुपयोग प्रतिरोध केन्द्रीय समिति ।

१६. क्षेत्री, गंगावहादुर, **नेपालमा नागरिकता सम्बन्धी व्यवस्था : एक अध्ययन**, एम. ए. थेसिस, २०६८ ।

**पत्रपत्रिकाहरु :**

१७. कान्तिपुर, (२०६७), **नौ वर्षको वालकलाई नागरिकता**, कान्तिपुर पब्लिकेसन्स ।

१८. पौडेल, सुरेन्द्र, (२०६९ असार २२ ), **मृतकको ठेगानामा परिवार भेटिएन**, रिपब्लिका ।

१९ Giri, Mameeta Nepali, (2006 April 1), **Women's Right to Nationality in Nepal**, Law Nepal.

२०. Malla, Sapana Pradhan, (2010-05-11), **Citizenship clause & statelessness**, The Kathmandu Post.

२१. Supreme Court of Nepal (2008), **CITIZENSHIP**, IT Department, Supreme Court.

प्रस्तुतिकरण

२२. Sen, Amit, UNHCR (2008 October 1), **Ensuring Full and Equal access to Citizenship in the New Constitution**, presented at the Centre for Constitutional Dialouge (CCD).

# अनुसुचीहरु

## अनुसूची - १

**(नियम ३ को उपनियम (१) र (३) नियम ४ को उपनियम (१) र नियम १६ को उपनियम (१) संग सम्बन्धित)**

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
........................................ ।
विषय :- नेपाली नागरिकताको प्रमाणपत्र पाउ ।

निवेदकको दुवै काज देखिने पासपोर्ट साइजको फोटो

महोदय,

म बंशजको नाताले/जन्मका आधारले नेपाली नागरिक भएकोले देहायको विवरण खोली नेपाली नागरिकताको प्रमाणपत्र पाउनको लागि सिफारिस साथ रु.५ को टिकट टँसी यो निवेदन पत्र पेश गरेको छु। मैले यसअघि नेपाली नागरिकताको प्रमाणपत्र लिएको छैन ।

| | |
|---|---|
| १.नाम,थरः-........................................ | ७.बाबुको नागरिकता :- ..................... |
| २.जन्मस्थानः-........................................ | ८.आमाको नाम, थर र ठेगाना :- ........... |
| ३.जन्ममितिः-.......साल......महिना........गते (शैक्षिकप्रमाणपत्रहुनेलेसोहीमितिउल्लेख गर्ने) | ९.आमाको नागरिकता :-.................. |
| | १०.पति/पत्नीको नाम, थर र ठेगानाः- ....... |
| ४.लिङ्गः...................... | ११.पति/पत्नीको नागरिकताः-............ |
| ५.स्थायी बासस्थानः-...................... | १२.संरक्षकको नाम, थर र ठेगानाः- |
| ६.बाबुको नाम,थर र ठेगानाः-..................... | .......... |

मैले माथि लेखिदिएको व्यहोरा ठीक साचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

भवदीय,

मिति :- ........................

निवेदकको दस्तखतः-
औंठाको छाप

| दायां | बायां |
|---|---|
| | |

## गाउं विकास समिति/नगरपालिकाको सिफारिस

........................................गाउं विकास समिति/नगरपालिका/ उपमहानगरपालिका/महानगरपालिका वडा नं......मा मिति ............. मा जन्म भई हाल सम्म स्थायी रुपमा बसोबास गरिआएका यसमा लेखिएका श्रीमान्/श्रीमती .............................................. को छोरा/छोरी/पत्नी बर्ष ........ को श्री/सुश्री/श्रीमती .................................................. लाई म राम्ररी चिन्दछु । उपर्युक्त लेखिए बमेजिमको निजको व्यहोरा मैले जाने बुझेसम्म साँचो हो । निजलाई बंशज/जन्मका आधारले नागरिकताको प्रमाणपत्र दिए हुन्छ । उक्त विवरण झुट्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

मिति :-

सिफारिस गर्नेको :-

कार्यालयको नाम र छाप :-..................

दस्तखत :- ..............
नाम, थर :- ............
पद :- .....................

**कार्यालयले भर्ने :**

| | |
|---|---|
| निवेदक/निवेदिका .......................... मेरो आफ्नो ............ नाताका हुन् । निजलाई बंशजको नाताले/जन्मको आधारले नेपाली नागरिकताको प्रमाणपत्र दिएमा पछि सम्म फरक पर्ने छैन । फरक परेमा कानून बमोजिम सहुँला बुझाउला भनि कार्यालयमा उपस्थित भई सनाखत सहिछाप गर्नेको<br>नाम : ................<br>ना.प्र.प.नं. : .........<br>सहिछाप : ...........<br>मिति : ................ | माथिको विवरण बमोजिम मेरो रोहवरमा सनाखत सही छाप भएको ठीक साँचो हो । माथिको विवरण ठीक दुरुस्त छ फरक छैन । फरक परेमा कानून बमाोजिम सहन बुझाउन मञ्जुर छु भनि सहिछाप गर्ने निवेदकको<br>नाम : .......................................<br>सहिछाप : ................................<br>मिति : ...................................... |

**निर्णय**

यो अनुसूचीमा भएको सिफारिस, निवेदकको ............................को सनाखत सहिछाप र संलग्न निम्न प्रमाणहरुको आधारमा निवेदकलाई बंशजको नाताले/जन्मको आधारले नेपाली नागरिकताको प्रमाणपत्र दिन उपयुक्त हुने देखि निर्णयार्थ पेश गरेको छु ।

**संलग्न प्रमाणहरु**

१.
२.
३.
४.
५.
६.

वितरित ना.प्र.प.नं. सनाखत गराउने पेश गर्ने सदर गर्ने

मिति :-

# अनुसूची - २
## (नियम ८ को उपनियम (७) संग सम्बन्धित)

नेपाल सरकार , गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
................................... ।

**नेपाली नागरिकताको प्रमाणपत्र** ।

ना.प्र.नं.:

| दुवै कान देखिने अटो साइजको फोटो |
|---|

नाम, थर : .................................... लिङ्ग : ..........
जन्मस्थानः जिल्ला............गा.वि.स. ⁄ उ.म.न.पा.........वडा नं....
स्थायी वास्स्थान : जिल्ला ...........गा.वि.स. ⁄ उ.म.न.पा...........  वडा नं.........
जन्ममितिः............साल..........महिना........गते ...........
बाबुको नाम थर : .................................................................
ठेगाना :.............................................नागरिकता : ...................
आमाको नाम थर : .................................................................
ठेगाना : .................................... नागरिकता : .......................

पति ⁄ पत्नीको नाम थर : ...........................................................
ठेगाना : .................................... नागरिकता : .......................

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम यो नागरिकताको प्रमाणपत्र दिइएको छ ।

**नागरिकताको किसिम :**
**प्रमाणपत्र वाहकको नाम :**
**प्रमाणपत्र वाहकको दस्तखत :**

प्रमाणपत्र दिने अधिकारीको :
दस्तखतः ............................
नाम, थर : .......................
दर्जा : ..........................

औठाको छाप

| दायां | बायां |
|---|---|
| | |

मिति : ..............................

# अनुसूची ३
## (नियम ३ को उपनियम (२) को खण्ड (क) संग सम्वन्धित)

स्थलगत सर्जमिन मुचुल्काको ढांचा
(वंशजको नाता)

लिखितम तपसिल बमोजिमका हामीहरु आगे जिल्ला प्रशासन कार्यालय,........ समक्षरबाट नागरिकता वितरणकार्यको लागि खटिई आएको टोली नम्वर .......समक्ष यस जिल्लाको ............. गा.वि.स.रन.पा.रउ.म.न.पा.रम.न.पा को वडा नं....... मा वसोवास गर्ने श्रीमान्रश्रीमती..........................को छोरारछोरीरश्रीमती ....................... ले नेपाली नागरिकताको प्रमाणपत्र पाउनका लागि निवेदन दिनु भएको सम्वन्धमा हामीहरुलाई सोधनी हुंदा हाम्रो चित्त बुझ्यो । निज निवेदक वंशजको नाताले नेपाली नागरिक हुन् । निजलाई वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र दिएमा फरक पर्ने छैन् । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहूंला बुझाउला भनि हामी तपसिलका व्यक्तिहरुले सहिछाप गरि यो सर्जमिन मुचुल्का जिल्ला प्रशासन कार्यालय,......................... रनागरिकता वितरणटोली नम्वर .......... मार्फत नेपाल सरकारमा चढायौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं.रजारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

रोहवरमा वस्ने व्यक्ति

काम तामेल गर्ने व्यक्तिको
नामथर :-
दर्जा :-
दस्तखत :-
मिति :-

गाउं विकास समितिर नगरपालिकारउपमहानगरपालिकारमहानगर पालिकाका अध्यक्षरप्रमुख वा प्रतिनिधि :-

१)
२)
३)

## अनुसूची ४
## (नियम ३ को उपनियम (२) को खण्ड (ख) संग सम्वन्धित)

<u>सनाखतको ढांचा</u>
<u>(वंशजको नाता)</u>

कार्यालय प्रयोजनको लागि

…………… जिल्ला…………… गा.वि.स.न.पा.उ.म.न.पा.म.न.पा. वडा नं. ……………. मा स्थायी बसोवास भएका श्रीमान् श्रीमती ……………………..का छोरा छोरी श्रीमती …………………………………. वास्तविक नेपाली नागरिक हुन । निज निवेदक वंशजका सन्तति हुन् । निजलाई वंशजको नाताले नेपाली नागरिकको प्रमाणपत्र दिएमा फरक पर्ने छैन । उक्त विवरण फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय संहुला, बुझाउंला भनि आफ्नो राजिखुशीले जिल्ला प्रशासन कार्यालय, ……………………………….नागरिकता वितरणटोली नं. ……….. समक्ष सर्जमिन स्थलमा उपस्थित भै हामी तपसिलका नेपाली नागरिकहरुले सहि सनाखत गरिदियौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं.र जारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

<u>सनाखत गराउने कर्मचारीका</u>

नामथर :-
पद :-
दस्तखत :-
मिति :-

<u>प्रमाणित गर्ने</u>

नामथर :-
पद :-
दस्तखत :-
मिति :-

## अनुसूची ५
## (नियम ४ को उपनियम (३) को खण्ड (क) संग सम्वन्धित)

स्थलगत सर्जमिन मुचूल्काको ढांचा
(जन्मको आधारमा)

लिखितम तपसिल बमोजिमका हामीहरु आगे जिल्ला प्रशासन कार्यालय, ............... समक्षरबाट नागरिकता वितरणकार्यको लागि खटिई आएको टोली नम्बर ....... समक्ष यस जिल्लाको ..................... गा.वि.स.रन.पा.रउ.म.न.पा.रम.न.पा. को वडा नं. .............. मा बसोवास गर्ने श्रीमान्रश्रीमती ........................ को छोरारछोरीरश्रीमती .............................. ले नेपाली नागरिकताको प्रमाणपत्र पाउनका लागि निवेदन दिनु भएको सम्वन्धमा हामीहरुलाई सोधनी हुंदा हाम्रो चित्त बुझ्यो । निज निवेदक श्रीरश्रीमती.......................... का छोरारछोरीरपत्नी हुन् । निज निवेदकको जन्म विक्रम सम्वत द्दण्द्धट साल चैत्र मसान्त भित्र नेपाल सरहद भित्र भएको ठीक सांचो हो । निज निवेदक जन्मदेखि हालसम्म उल्लिखित स्थानमा स्थायी बसोबास रहि आएको सत्य सांचो हो । निज निवेदक वास्तविक रुपमा जन्मका आधारले नेपाली नागरिकताको प्रमाणपत्र पाउने व्यक्ति हुन् । निज निवेदकलाई जन्मको आधारले नेपाली नागरिकता प्रमाणपत्र दिएमा पछि सम्म फरक पर्ने छैन् । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहँला बुझाउँला भनि हामी तपसिलका व्यक्तिहरुले सहिछाप गरि यो सर्जमिन मुचुल्का जिल्ला प्रशासन कार्यालय, .................र नागरिकता वितरण टोली नम्वर ............. मार्फत नेपाल सरकारमा चढायौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं.रजारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

रोहवरमा वस्ने व्यक्ति

काम तामेल गर्ने व्यक्तिको
नामथरस(
दर्जा :-
दस्तख :-
मिति :-

गाउं विकास समिति/ नगरपालिका / उपमहानगरपालिका / महानगरपालिकाका अध्यक्ष / प्रमुख वा प्रतिनिधि :

## अनुसूची ६
## (नियम ४ को उपनियम (३)को खण्ड (ख) संग सम्वन्धित)
### सनाखतको ढांचा
(जन्मको आधारमा)

कार्यालय प्रयोजनको लागि

................ जिल्ला................ गा.वि.स.रन.पा.रउ.म.न.पा.रम.न.पा. वडा नं. ................ मा स्थायी बसोवास भएका श्रीमान्रश्रीमती ......................... का छोरा / छोरी / श्रीमती ...................... वास्तविक नेपाली नागरिक हुन । निज निवेदकको जन्म विक्रम सम्वत द्दण्ढट साल चैत्र मसान्त भित्र नेपाल सरहद भित्र भएको ठीक सांचो हो । निज निवेदक जन्म देखि हालसम्म उल्लिखित स्थानमा स्थायी बसोवास गरि आएको व्यहोरा सत्य सांचो हो । निजलाई जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिएमा पछि सम्म फरक पर्ने छैन । उक्त विवरण फरक परेमा प्रचलित कानून बमोजिम हुने सजाय सहुंला बुंझाउला भनि आफ्नो राजिखुशीले जिल्ला प्रशासन कार्यालय, .................. नागरिकता वितरणटोली नं. ................ समक्ष सर्जमिन स्थलमा उपस्थित भै हामी तपसिलका नेपाली नागरिकहरुले सहि सनाखत गरिदियौं ।

| सि.नं. | नामथर | वतन | ना.प्र.नं.रजारी मिति | लेखात्मक र रेखात्मक सहिछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

सनाखत गराउने कर्मचारीको

प्रमाणित गर्ने

नामथर :-

पद :-

दस्तखत :-

मिति :-

नामथर :-

पद :-

दस्तखत :-

मिति :-

## अनुसूची ७
## (नियम ५ को उपनियम (१) र नियम ७ को उपनियम (१),(२) र (५) संग सम्वन्धित)

श्री प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय
..............................।

| |
|---|
| दूवै कान देखिने पासपोर्ट साईजको फोटो |

विषयस् नेपालको नागरिकताको प्रमाणपत्र पाऊं ।

महोदय,

मैले नेपाल नागरिकता ऐन, द्दणटघ को दफा छ बमोजिमको शर्त तथा अवस्था पूरा गरिसकेकोले नेपाली नागरिकको छोरा, छोरी वा नेपाली नागरिकसंग वैवाहिक सम्वन्ध भएको महिलाको हैसियतले नेपालको अंगीकृत नागरिकताको प्रमाणपत्र पाउनको लागि देहायको विवरण खोली सिफारिस साथ रु.५ को टिकट टांसी यो निवेदनपत्र पेश गरेको छु ।

१. मेरो विवरणस्

(क) पूरा नाम,थर :-
(ख) जन्मस्थान :-
(ग) जन्ममिति :- ............ साल .......... महिना .......... गते
(घ) पूरा गरेको उमेर :-
(ङ) लिगं :-
(च) धर्म :-
(छ) बाबुको :- (ज) आमाको :-

| बाबुको | आमाको |
|---|---|
| (क)नाम,थर :- | (क) नाम,थर :- |
| (ख) ठेगाना :- | (ख) ठेगाना :- |
| (ग) नागरिकताः- | (ग) नागरिकत :- |

२. नेपालमा बसोवास गरेको वर्ष :-

(क) नेपाली नागरिकको छोरा वा छोरीको हकमा(
१) पिताको राष्ट्रियता
२) पिताको मुलूकबाट नागरिकता प्रमाणपत्र लिए नलिएको निस्सा
(ख) नेपाली नागरिकसंग वैवाहिक सम्वन्ध भएको विदेशी महिलाको हकमा–
(श्री........................................संग विवाह भएको मिति)
(ग) अरु विदेशीको हकमा (कम्तीमा पन्ध्र वर्ष) :-

३. नेपालमा बसोवास गरेको ठाउं र मिति :-

(क) जिल्ला.........................गाउं/नगर.......................
वडा न.................... टोल/गाउं ......................
(ख) खणड (क) मा लेखिएको स्थानमा आई अटुट रुपमा बसेको मितिस्

४. हाल साथमा रहेको परिवारको विवरण र संख्या :-

| (क) छोरा | (ख) छोरी | (ग)पति वा पत्नी |
|---|---|---|
| १. | १. | १. |
| २. | २. | |
| ३. | ३. | |

५. मैले नेपाली वा नेपालमा प्रचलित ......................... भाषा बोल्न र लेख्न जानेको छु ।

६. मेरो जिबन निर्बाह गर्ने

(क) साधन :-

(ख) योग्यता :-

(ग) हालको व्यवासय :-

७. विदेशी मुलुकको नागरिकता नलिएको वा त्यागेको वा त्याग्न कारवाही चलाएको विवरण :-

(क) म पहिले नागरिक रहको मुलुकको नाम :-

(ख) खणड (क) मा लेखिएका मुलुकको नागरिकता हालसम्म नलिएको वा सो मुलुकको कानून बमोजिम मिति...................... मा त्यागिसकेको वा त्याग्न कारवाही चलाएको ।

(ग) खणड (क) मा लेखिएको मुलुकको नागरिकता हालसम्म नलिएको वा त्यागिसकेको वा त्याग्न कारवाही चलाएको रीतपुर्वकको निस्सा नेपाल सरकारलाई मिति ................ मा दिएको । त्यसरी दिएको निस्साको प्रतिलिपि यसै साथ संलग्न छ ।

८. मैले नैतिक पतन देखिने कुनै फौज्दारी मद्दामा सजाय पाएको छैन । मैले माथि लेखि दिएको व्यहोरा ठीक साँचो हो । झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति :-................................................

भवदिय,
निवेदकको दस्तखत :-
औठाछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

गाउं विकास समिति नगरपालिकाको सिफारिस

.................... देशमा जन्म भई गांउ विकास समिति नगरपालिका/उपमहानगरपालिका .................. नं. वडा ........................ मा स्थायी बसोबास गर्दै आएको यसमा लेखिएका श्री ............................ को छोरा/छोरी/पत्नी वर्ष ............... को श्री/सुश्री श्रीमती ......................... लाई म राम्ररी चिन्दछु उपर्युक्त लेखिए बमोजिमको निजको व्यहोरा मैले जाने बुझेसम्म सांचो हो । झुट्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

मिति :-
कार्यालयको नाम र छाप :-.....................

सिफारिस गर्नेको :-
दस्तखत :-
नाम,थर :-
पद :-

**अनुसूची ८**
**(नियम ७ को उपनियम (४) र नियम ८ को उपनियम (७) संग सम्बन्धित)**

नेपाल सरकार
गृह मन्त्रालय

...............................

अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्र ।

ना.प्र.नं.

| |
|---|
| दूवैकान देखिने अटो साईजको फोटो |

नाम,थर :- ......................................
जन्मस्थान जिल्ला........गा.वि.स.उ.म.न.पा.......वडा नं......
हालको ठेगाना :- जिल्ला........गा.वि.स./उ.म.न.पा. ...........
वडा नं. ............ टोल ..............
जन्ममिति :- ...............साल............महिना........गते.........
लिङ्ग :-...............................
बावुको नाम,थर ठेगाना :-........................................
नागरिकता :-..................
आमाको नाम र ठेगाना :-.......................................
नागरिकता :-..................
पतिको नाम थर, ठेगाना :-...................................
नागरिकता :-..................

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्र दिईएको छ ।
निर्णय मिति :- .................................................
नागरिकताको किसिमः वैवाहिक अंगिकृत/ अंगिकृत
प्रमाणपत्र बाहकको नाम :-
प्रमाणपत्र बाहकको सहि :-

| दायाँ | बायाँ |
|---|---|
| | |

प्रमाणपत्र दिने अधिकारीको :-
दस्तखत :-
नाम,थर :-
दर्जा :-
मिति :-

## अनुसूची ९
## (नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

श्री............................................
........................................... ।

महोदय,

निम्न लिखित व्यहोराले गर्दा मैले नेपालको नागरिकता त्याग गर्न आवश्यक भएकोले त्याग गरेको सूचना गरेको छु। यो सुचना दर्ता गरि दिनुहुन अनुरोध गर्दछु।

(१)
(२)
(३)

अरु विवरण :-
हालमा मेरो बसोबास भएको ठाउ :- .................मेरो ना.प्र.नं. :-.......
बाबुको नाम :- ..........................................ना.प्र.प.जारी मिति :-
बाजेको नाम :-..................................................
ना.प्र.प.जारी स्थान :-...................
मेरो उमेर :- ...........................

मेरो परिवारका सदस्यहरुको संक्षिप्त विवरण :-

| नाम | उमेर | ठेगाना | ना.प्र.प. सम्बन्धी विवरण |
|---|---|---|---|
| १) | | | |
| २) | | | |
| ३) | | | |

औठाको छाप

| दायां | बायां |
|---|---|
| | |

नागरिकता त्याग गर्नेको

दूवै कान देखिने पासपोर्ट साईजको फोटो

नागरिकता त्याग गर्नेको दस्तखत :-
नाम,थर :-
साविक ठेगाना :-
हालको बसोबासको ठेगाना :-

## अनुसूची १०
## (नियम ९ को उपनियम (४) संग सम्बन्धित)

नागरिकता त्याग गर्नेको विवरण

| क्रम संख्या | दर्ता मिति | नाम थर | ना.प्र.नं. | ना.प्र. जारी मिति र स्थान | हालको बसोबासको ठाउं | नेपालमा बसोवास को ठाउं | नेपाली नागरिकता परित्याग गर्नु पर्ने कारण | परिवारका सदस्यमध्ये नेपाली नागरिक भै बस्नेहरुको नाम ठेगाना | दर्ता गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

## अनुसूची ११
## (नियम ११ को उपनियम (१) संग सम्बन्धित)

सुचना गर्ने व्यक्तिको फोटो (दूवै कान दखिने पासपोर्ट साईजको)

श्री ............................................
........................................... ।

विषय: नेपाली नागरिकता पुनः कायम हुनको लागि दर्ता गरी पाउ

महोदय,

म नेपाली नागरिक ............... मुलूकको नागरिकता परित्याग गरी नेपालमा आई बसोबास गरेकोले देहायमा लेखिएका विवरणहरु नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ बमोजिम दर्ता गरि दिनुहुन अनुरोध गर्दछु।

(१) पूरा नाम र थर :- .......................................
(२) जन्म स्थान :- .............................................
(३) जन्म मिति :-.............................................
(४) पूरा गरेको उमेर :- .......................................
(५) नागरिकता प्रमाण पत्र नं. :-..............................
(६) नागरिकता प्रमाणपत्र जारी मिति :- ................................
(७) नागरिकताको किसिम :- ....................................................
(८) नेपालमा आई बसोबास गरेको मिति :- ..........................................
(९) हाल बसोबास गरेको स्थान :- ................... जिल्ला.......................
गा.वि.स. / न.पा. / उ.म.न.पा. / म.न.पा.
(१०) बावुको नाम,थर,र ठेगाना :- .......................................................
(११) बाबुको नागरिकता नं. :- ..................................

मिति :-

भवदिय,
सुचना गर्ने व्यक्तिको
दस्तखत .......

औठाको छाप

| दायां | बायां |
|---|---|
| | |

## अनुसूची १२
## (नियम ११ को उपनियम (२) संग सम्बन्धित)

नेपाल सरकार

................................कार्यालय

**विषय** :- **सूचनाको दर्ता** ।

................................ जिल्ला ................................ गा.वि.स. ⁄ न.पा. ⁄ उ.म.न.पा. ⁄ म.न.पा. वडा नं. .......................... मा बस्ने श्री ................................ को छोरा ⁄ छोरी हाल नेपालको ................... अञ्चल .......................... जिल्ला.............................. गा.वि.स.न.पा. उ.म.न.पा.म.न.पा. वडा नं. मा बस्ने वर्ष..................... को सुश्री ⁄ श्रीमती ........................ को नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ बमोजिमको सूचना दर्ता गरिएको छ ।

सुचना गर्ने व्यक्तिको
दस्तखतः.................
औठाको छाप

| दायां | वायां |
|---|---|
| | |

सूचना गर्ने व्यक्तिको फोटो दूवै कान देखिने पासपोर्ट साईजको

सूचना दर्ता गरेका मिति :-

सुचना दर्ता गर्ने अधिकारीको
दस्तखत :-.........................
नाम र थर :- ...................
दर्जा :- .............................
कार्यालय :-.........................

# अनुसूची १३

'नेपालमा नागरिता वितरण प्रकृया जिल्ला प्रशासन कार्यलय, रोल्पाको एक अध्ययन' विषयको अध्ययनको क्रममा जि.प्र.का, रोल्पामा नागरिकता लिन आएका सेवाग्राहीहरुलाई प्रयोग गरिएको प्रश्नावली ।

सेवाग्राहीको नाम :-

ठेगाना :-

१. नागरिताको प्रमाणपत्र भन्नाले तपाई के बुझ्नुहुन्छ ?

- ☐ क) व्यक्तिको परिचय
- ☐ ख) राष्ट्रियताको परिचय
- ☐ ग) थाहा छैन

२. नागरिकता बनाउन कति वर्षको उमेर पुरा हुनु पर्दछ ?

- ☐ क) १६ वर्ष
- ☐ ख) १८ वर्ष
- ☐ ग) २० वर्ष

३. तपाईलाई नागरिकता वनाउने प्रकृयाको वारेमा जानकारी छ ?

- ☐ क) जानकारी छ
- ☐ ख) सामान्य जानकारी छ
- ☐ ग) जानकारी छैन

४. तपाईलाई नागरिता लिने प्रकृया सरल लाग्यो कि अप्ठ्यारो ?

- ☐ क) सजिलो
- ☐ ख) ठीकै
- ☐ ग) अप्ठ्यारो

५. तपाईलाइ नागरिकता वनाउन कति दिन लाग्यो ?

- ☐ क) १ दिन
- ☐ ख) २ दिन
- ☐ ग) ३ वा सो भन्दा वढि

६. नागरिकता वनाउदा के-कुरा तपाईलाई सबैभन्दा झन्झटिलो लाग्यो ?

- [ ] क) जिल्ला प्रशासन कार्यलय टाढा भएको तथा वाटोघाटाको असुसविधाले गर्दा
- [ ] ख) सिफारिस गराउने प्रकृया झन्झटिलो भएर
- [ ] ग) जिल्ला प्रशासन कार्यलयमा छिटो काम नहुने

७. जिल्ला प्रशासन कार्यलयको अभिलेख व्यवस्थापन कस्तो लाग्यो ?

- [ ] क) व्यवस्थित छ
- [ ] ख) अव्यवस्थित छ
- [ ] ग) ठीकै छ

८. नागरिता फाँटमा वस्ने कर्मचारीहरुको व्यवहार कस्तो छ ?

- [ ] क) राम्रो छ
- [ ] ख) ठिकै व्यवहार गर्दछन
- [ ] ग) राम्रो छैन

धन्यवाद

# अनुसूची १४

नेपालमा नागरिकता प्रमाणपत्र वितरण प्रकृया जिल्ला प्रशासन कार्यालय, रोल्पाको एक अध्ययन विषयको अध्ययनको क्रममा सम्वन्धित कर्मचारीहरुलाई प्रयोग गरिएको प्रश्नावली ।

कर्मचारीको नाम :-

१. तपाईले नागरिकता फांटमा काम गरेको कति वर्ष भयो ?

२. नागरिकता दिने प्रकृयाहरुका बारेमा शुरुमा कसरी जानकारी लिनु भयो ?

३. तपाई आफ्नो कामप्रति कत्तिको उत्पेरित हुनुहुन्छ ?

☐ क) पूर्ण उत्प्रेरित छु

☐ ख सामान्य उत्प्रेरित छु

☐ ग) उत्प्रेरीत छैन

४. तपाइको कार्यालयको अभिलेख व्यवस्थापन कस्तो छ ?

☐ क) व्यवस्थित छ

☐ ख) अव्यवस्थित छ

☐ ग) ठीकै छ

५. सेवाग्राहीहरुमा नागरिकता लिने प्रकृयाका बारेमा कतिको जानकारी भएको पाउनु भयो ?

६. नागरिकता फांटमा भौतिक सामाग्रीहरुको अवस्था कस्तो छ ?

७. कर्मचारीलाई काम प्रति उत्प्रेरित गर्न के गर्नुपर्ला ?

धन्यवाद

# अनुसूची १५

नेपालमा नागरिकता प्रमाणपत्र वितरण प्रकृया जिल्ला प्रशासन कार्यालय, रोल्पाको एक अध्ययन विषयको अध्ययनको क्रममा नागरिकताको सिफारिस गर्ने पदाधिकारीहरुलाई प्रयोग गरिएको प्रश्नावली ।

पदाधिकारीको नाम :-

गा.वि.स :-

१ अनुसूचीमा सिफारिस प्रकृया कस्तो लाग्यो ?

२. तपाईका क्षेत्रका सेवाग्राहीहरुको चेतना स्तर कस्तो छ ?

३. नागरिक पहिचानको कत्तिको समस्या छ ?

☐ क) नागरिक पहिचानको समस्या छ

☐ ख) नागरिक पहिचानको सामान्य समस्या छ

☐ ग) नागरिक पहिचानको समस्या छैन

४. नागरिक पहिचान कसरी गर्नु हुन्छ ?

५. राजनैतिक र अन्य दवाव कतिको आउछ ?

६.. तपाईले गलत व्यक्तिलाई सिफारिस गर्नु भएको छ की छैन ?

धन्यवाद